मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**मानवअधिकारको सम्मान गरौं ।**

- मानवअधिकार जन्मसिद्ध र नैसर्गिक अधिकार हो,
- मानवअधिकार व्यक्तिको जीवन, स्वतन्त्रता र मर्यादासँग सम्बन्धित हुन्छ,
- हरेक व्यक्तिलाई जात, धर्म, भाषा, लिङ्ग वा वर्णको आधारमा भेदभाव नगरी समान अधिकार र अवसर प्रदान गरिएको हुन्छ,
- मानवअधिकार देशको संविधान, कानून र अन्तर्राष्ट्रिय सन्धिद्वारा प्रदत्त अधिकार मानवअधिकार उल्लंघन नगरौं,
- मानवअधिकारको उल्लंघन भएमा राष्ट्रिय मानवअधिकार आयोग वा सम्बन्धित निकायमा उजुरी गरौं ।

मानवअधिकारप्रति सचेत रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

### आधिकारिक निकायबाट सडक विस्तार रोक्नु भन्ने आधिकारिक पत्र आएको छैन

# हेटौंडाको सडक विस्तार रोकिँदैन: सडक डिभिजन

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ सडक डिभिजन कार्यालय हेटौंडाले सडक विस्तारकार्य नरोक्ने स्पष्ट पारेको छ । हेटौंडा बजारक्षेत्रको सडक विस्तार योजनालाई लिएर उत्प्रेषणको रिट दायर भएपछि सर्वोच्च अदालतले सडक विस्तारकार्यमा कारण देखाऊ आदेश जारी गर्दै अल्पकालीन अन्तरिम आदेशमार्फत् संरचना नहटाउन आदेश दिएपनि कार्यालयले मंसिर २० गतेबाट हेटौंडाको सडक विस्तार हुने जनाएको छ ।

कार्यालयले शुक्रबार एक सूचना जारी गर्दै आधिकारिक निकायबाट सडक विस्तार रोक्नु भन्ने आधिकारिक पत्र नआएकोले सडक विस्तार कार्यले निरन्तरता पाउने स्पष्ट पारेको छ । राष्ट्रिय स्वतन्त्र पार्टीकी नेतृ तथा पूर्वसांसद विन्दबासिनी कंसाकारले मंसिर १६ गते सर्वोच्च अदालतमा दायर गरेको रिटमाथि शुक्रबार न्यायाधीश मेघराज पोखरेलको एकल इजलासले सुनुवाइ गर्दै हेटौंडा बजारक्षेत्रमा भइरहेको सडक विस्तारकार्य तत्काल रोक लगाउन अल्पकालीन अन्तरिम आदेश दिएको हो । अदालतले 'सुविधा सन्तुलन' सिद्धान्तको आधारमा अन्तरिम आदेश जारी गर्दै हेटौंडा बजारक्षेत्रका कुनैपनि संरचना नभत्काउन निर्देशन दिएको छ । अदालतले मंसिर २६ गते अन्तरिम आदेशका विषयमा दुवै पक्षलाई छलफलका लागि उपस्थित हुन आदेश दिएको छ ।

रिटमाथि प्रारम्भिक सुनुवाइपछि सर्वोच्चले सडक डिभिजन कार्यालय हेटौंडा, हेटौंडा उपमहानगरपालिका, सहरी विकास मन्त्रालय, भौतिक पूर्वाधार मन्त्रालय लगायत विपक्षी बनाइएका निकायलाई १५ दिनभित्र लिखित जवाफ पेस गर्न कारण देखाऊ आदेश जारी गरेको छ । कंसाकारको घर तथा उनका बुबाले सञ्चालन गर्दै आएका व्यवसाय सडक सीमाभित्र पर्ने उल्लेख गर्दै, मुआब्जा तथा क्षतिपूर्तिको व्यवस्था नगरी बलपूर्वक संरचना हटाउन खोजिएको भन्दै उनले उत्प्रेषण रिट दायर गरेकी थिइन् । यसअघि कार्यालयले मंसिर ५ गते हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र पर्ने राष्ट्रिय राजमार्गको सडक सीमा केन्द्र रेखादेखि २५-२५ गजभित्र बनेका स्थायी तथा अस्थायी प्रकृतिका घर टहरा, संरचना हटाउन दिएको १५ दिने अल्टिमेटम शुक्रबार रातिदेखि सकिएको हो ।




सडक डिभिजन हेटौंडाले महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ती पुलसम्म र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्मको सडक सीमा २५/२५ गज (७५/७५ फिट) विस्तार गर्न लागेको हो । सडक डिभिजनले सर्वोच्च अदालतको आदेशलाई सम्झाउँदै घरटहरा, संरचना हटाउन १५ दिने अल्टिमेटम दिएको थियो । २०-२५ दिनभित्र अतिक्रमित संरचना हटाइसक्ने लक्ष्य सडक डिभिजन कार्यालयले लिएको छ । सडक डिभिजनले पछिल्लोपटक दुई वर्षअघि सूचना निकालेको थियो । घरधनीले सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सडक डिभिजन रोकिएको थियो । सोही मुद्दाको फैसलालाई टेकेर अहिले सडक विस्तार हुन लागेको हो ।

कार्यालय प्रमुख गुरुप्रसाद अधिकारीले आज शनिबारदेखि अतिक्रमित घरटहरा लगायत संरचना भत्काउन सुरु गरिने जानकारी दिए । 'अब सधैं सडक विस्तार रोकिराख्ने, कहिल्यै पारनलाग्ने भनेर कहाँ हुन्छ र ? यसलाई विस्तार गर्नुपर्छ । काम अगाडि बढाउन तयारी अवस्थामा छौं,' अधिकारीले भने । सडक डिभिजनसँग २० वटा हेभी उपकरणहरु रहेको र यो पुग्दो अवस्थामा भएको प्रमुख अधिकारीले बताए । तीन तलासम्मको टप निकाल्न मिल्ने उपकरण पनि रहेको उनको भनाइ छ । 'हामीसँग उपकरणको कमी छैन । सायद सबै प्रयोग गर्न नपर्ने हुन सक्छ । यदि आवश्यक परे काठमाडौं र जनकपुर बाट पनि माग्छौं । भाडामा पनि लिन सक्छौं । सडक विस्तार कार्यमा उपकरणले समस्या हुँदैन,' उनले भने ।

डिभिजनप्रमुख अधिकारीले आवश्यकताअनुसार ३-४ ठाउँबाट अतिक्रमित संरचना हटाउने काम सुरु गर्ने बताए । महेन्द्र राजमार्गको रातोमाटेदेखि बुद्धचोक हुँदै राप्ति पुलसम्म ६ दशमलव ३ किलोमिटर र त्रिभुवन राजपथको बुद्धचोकदेखि सामरी पुलसम्म ३ दशमलव २ किलोमिटर सडक विस्तार गर्नुपर्ने कार्यालयले जनाएको छ । सवारीसाधन सञ्चालनमा रोक लगाएर सडक विस्तारको काम अगाडि बढाउने डिभिजनको तयारी छ । सडक डिभिजनले रातोमाटेदेखि बुद्धचोक हुँदै राप्तीपुलसम्म र बुद्धचोकदेखि सामरी पुलसम्म ९ दशमलव ५ किलोमिटर भित्र ५ सय ३१ वटा घरटहरा तथा अन्य संरचना भत्काउनुपर्ने जनाएको छ । सडकको केन्द्रबिन्दुबाट २५/२५ गजभित्र सडकको दायाँतर्फ २ सय ३४ वटा र बायाँतर्फ २ सय ९७ वटा घर, टहरा र संरचना भत्काउनु पर्ने डिभिजनप्रमुख अधिकारीले बताए ।

**सर्वोच्चको विगतको फैसलामा के थियो ?**

सडक डिभिजनले २०७३ माघ १९ गते उच्चअदालत पाटकको आदेश र २०८० पुस १७ गते सर्वोच्च अदालतको फैसलालाई आधार बनाएर सार्वजनिक सडक ऐन, २०३१ बमोजिम राष्ट्रिय राजमार्गको सीमासंरक्षण गर्नु आवश्यकता रहेको औंल्याएको थियो ।

दायर ९ वटा मुद्दामा उच्चअदालत पाटनको संयुक्त इजलासले 'रिट निवेदकको माग बमोजिम अन्तरिम आदेश जारी गर्नुपर्ने अवस्था देखिएन' उल्लेख रहेकोलाई एउटा आधार बनाएको छ । २०८० असार १० गते प्रकाशित सडक विस्तारसम्बन्धी सूचनाउपर दायर रिट १७ पुसमा सर्वोच्च अदालतले खारेज गरेको र फैसलाको आदेश खण्डमा उल्लेख भएको विषय डिभिजनले उठाएको छ । 'तत्कालीन राजमार्ग व्यवस्था ऐन, २०२१ बामोजिम मिति २०२१/११/११ मा प्रकाशित सूचनाबमोजिमको राजमार्गको क्षेत्र घोषित सडकको केन्द्रबाट दायाँबायाँ २५/२५ गजसम्मको जग्गाको हकमा सो ऐनको दफा ५ को प्रतिबन्धात्मक वाक्यांशको अवस्था छ भनि निवेदकले प्रमाणित गर्न सकेको अवस्था बाहेक क्षतिपूर्ति पाउने अवस्था हुँदैन,' सर्वोच्चको आदेशमा भनिएको छ ।

सडक डिभिजनले उपलब्ध गराएको फैसलापत्रमा भनिएको छ, 'निवेदकले सो अवस्था देखाई दाबी गरेको अवस्था छैन । तसर्थ, सडक केन्द्रबिन्दुबाट दायाँबायाँ २५/२५ गजको हकमा क्षतिपूर्ति वा मुआब्जा दिनु नपर्ने स्पष्ट व्यवस्था रहेको छ ।' 'निवेदकले जानीजानी सडकक्षेत्र अतिक्रमण गरी घरटहरा समेतको संरचना निर्माण गरी उपभोग गरेको आधारमा सडकक्षेत्रमा निवेदकको अधिकार सिर्जना हुन नसक्ने हुँदा अतिक्रमित क्षेत्रबाट हटाउँदा निवेदकको सम्पत्तिको हक, आवासको हकसमेतको संविधानको धारा २५ र ३७ द्वारा प्रदत्त संवैधानिक हकमा प्रतिकूल असर पर्छ भन्न नमिल्ने' फैसला सर्वोच्चले गरेको छ ।

**यस्तो छ वैकल्पिक रूट**

पूर्वपश्चिम राजमार्ग र त्रिभुवन राजपथ क्षेत्रको सडक विस्तारको क्रममा यातायात सेवा सञ्चालनका लागि वैकल्पिक रुट तय गरिने भएको छ ।

सडक डिभिजन कार्यालय हेटौंडाले पूर्वपश्चिम राजमार्ग र त्रिभुवन राजपथअन्तर्गत हेटौंडा बजारक्षेत्रको सडक विस्तार कार्य सुरु भएपनि सवारी साधन वैकल्पिक मार्गबाट सञ्चालन गर्नेगरी रुट तय गर्न लागेको हो । जसअनुसार काठमाडौँ तथा चितवन जाने सवारीलाई हेटौंडा-१ चौकीटोल (तिरतिरे धारा)बाट राप्ती पुल हुँदै रातोमाटे निकाल्ने र पूर्व तर्फबाट आएका सवारीलाई रातोमाटे निकाल्ने गरी तयारी गरिएको छ । डिभिजन सडक कार्यालयप्रमुख अधिकारीका अनुसार मुख्य बजार क्षेत्रमा काम भइरहँदा सवारी आवागमन प्रभावित नहोस् भनेर रातोमाटे, त्रिवेणीधाम हुँदै राप्ती पुल निस्कने बाटोलाई मुख्य वैकल्पिक मार्गकारुपमा प्रयोग गरिनेछ ।

काठमाडौँ तथा नारायणगढबाट आएर पश्चिम (वीरगन्ज)तर्फ जाने सवारी साधनलाई मुख्य बजारमा प्रवेश नदिई वैकल्पिक बाटोबाट पठाइनेछ । जसअनुसार वीरगन्ज वा कान्तिलोकपथ हुँदै पूर्वजाने सवारीलाई राप्ती पुलबाट त्रिवेणी हुँदै रातोमाटे निकाल्ने र पश्चिमतर्फ चितवन वा काठमाडौँ जाने सवारीलाई पुन: रातोमाटेबाट राप्ती पुल जोड्ने गरी रुट तय गरिएको उनले बताए । सवारी डाइभर्ट गर्नुअघि नै वैकल्पिक सडकको मर्मतसम्भार सुरु गरिएको प्रमुख अधिकारीको भनाइ छ ।

'हामीले वैकल्पिक मार्गको पहिचान गरिसकेका छौं । ती सडकमा पिच गर्न सम्भव नभएपनि खाल्डाखुल्डी पुर्ने र ग्राभेल प्याक गरेर यातायात सञ्चालन योग्य बनाउने काम भएको छ' उनले भने । सवारीचालकको सहजताका लागि निर्माणस्थल र डाइभर्सन पोइन्टमा ट्राफिक संकेत बोर्ड राखिने उनले बताए । सुरक्षा संवेदनशीलताका कारण रातिको समयमा काम नहुने प्रमुख अधिकारीले स्पष्ट पारे । बुद्धचोकदेखि पूर्व र पश्चिमका क्षेत्रमा चरणबद्धरुपमा काम गरिने र सोही अनुसार सवारीसाधनलाई डाइभर्ट गर्दै लगिने उनले बताए ।

# सरकारलाई कमजोर नबनाउन नागरिक अगुवाको आग्रह



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ नागरिकसमाजका अगुवाले कार्यदिश र क्षमता बाहिरको माग राखेर सरकारलाई कमजोर नबनाउन आग्रह गरेका छन् ।

३० नागरिकअगुवाले संयुक्त विज्ञप्ती जारी गर्दै क्षमताभन्दा बाहिरको मागले सरकार झन् कमजोर हुने भन्दै सरोकारवालालाई निर्वाचनमा केन्द्रित हुन आग्रह गरेका हुन् । उनीहरुले फागुन २१ मा तोकिएको निर्वाचनमा ध्यान केन्द्रित गर्न र त्यसबाटै संविधानको प्रक्रिया जीवन्त राख्ने बाटोमा अघि बढ्न माग गरेका हुन् । उनीहरुले विज्ञप्तीमा भनेका छन्, 'राज्य कमजोर बनेको यो संवेदनशील घडीमा, निर्वाचनको म्याण्डेट लिएर बनेको सरकारमाथि उसको म्याण्डेट र क्षमताभन्दा बाहिरका माग राख्ने, निहित राजनीतिक, समूहगत वा व्यक्तिगत एजेण्डा अघि सारेर अवरोध गर्ने र अनावश्यक भ्रमछर्ने तथा आशंका फैलाउने गतिविधिले राष्ट्रलाई झनै कमजोर बनाउने निश्चित छ ।'

सरकार असफल भएर निर्धारित मितिमा निर्वाचन हुन नसकेमा उत्पन्न हुने रिक्तता र अनिश्चितताले देशलाई गम्भिर र दुरगामी असर पर्ने भन्दै उनीहरुले निर्वाचनमै केन्द्रित हुनुपर्ने सुझाव दिएका हुन् ।

उनीहरुले विज्ञप्तीमा भनेका छन्, 'सफल निर्वाचनमै सरकारको औचित्य पुष्टि हुने सत्यतालाई मनन गर्दै सरकारको प्रयास र कामकारवाही त्यसमै केन्द्रित होस् र बन्दै गएको निर्वाचन वातावरणलाई प्रतिकुल असर पार्न सक्ने कुनै कार्य नहोस् भनी हामी खबरदारी समेत गर्दछौं ।' जेनजी आन्दोलनपछि मुलुक संवेदनशील र जटिल मोडमा पुगेको भन्दै उनीहरुले अब स्थिरतासहित लयमा फर्काउन सरकार, दलहरु र जेनजी (नवयुवा) सक्रिय हुनुपर्ने भनी अपिल गरेका हुन् । ३० जना नागरिक प्रतिनिधिको तर्फबाट केदारभक्त माथेमाले अपिलमा हस्ताक्षर गरेका छन् ।

अपिल गर्नेहरुमा अमृता लम्साल, अर्चना थापा, इन्द्रा अधिकारी, उद्धव प्याकुरेल, कनकमणि दीक्षित, कृष्ण खनाल, कृष्ण पोखेल, खगेन्द्र संग्रौला, गजाधर सुनार, गेजा शर्मावाग्ले, चन्द्रकिशोर, चरण प्रसाई, जेबी बिश्वकर्मा, तुलानारायण साह, दिपेन्द्र झा छन् ।

त्यसैगरी दोभान राई, प्रदिप खतिवडा, भोजराज पोखरेल, महेश मास्के, राजेन्द्र दाहाल, स्टेला तामाङ, सूर्य ढुंगेल, सुबोधराज प्याकुरेल, सुशील प्याकुरेल, हरि शर्मा, विजयकान्त कर्ण, विजय तिमिल्सिना, विद्याधर मल्लिक, वीरेन्द्रप्रसाद मिश्रले सामूहिक विज्ञप्ती निकालेका हुन् ।

# व्यवसायीसँग शान्तिसुरक्षा तथा सडक विस्तारबारे अन्तरक्रिया

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले हेटौंडा बजारका विभिन्न व्यवसायीसँग समसामयिक विषयमा अन्तरक्रिया गरेको छ ।

शुक्रबार प्रहरी कार्यालयको सभाहलमा ग्यारेज, वर्कसप, मोटर पाटर्स, कवाडी संकलन केन्द्रका संचालक तथा कामदार गरी करिब १२० जनाको सहभागिता अन्तरक्रिया गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । कार्यक्रममा वर्तमान शान्ति सुरक्षाको अवस्था, देखापर्दै आएका चुनौती र व्यवसायीले अपनाउनुपर्ने सावधानी तथा जिम्मेवारीका विषयमा विस्तृत छलफल गरिएको प्रहरीले जनाएको छ ।

सोही अवसरमा सडक डिभिजन कार्यालय मकवानपुरले हेटौंडा बजारक्षेत्रमा सुरु गर्न लागेको सडक विस्तारकार्यबारे व्यवसायीको राय, सुझाव संकलन गर्दै, आपसी सहकार्यका आधारमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गरिएको थियो ।

अन्तरक्रियामा उठेका सुरक्षासम्बन्धी प्रश्नको उत्तर दिँदै कार्यालय प्रमुख प्रहरीउपरीक्षक सुवासचन्द्र बोहराले कुनैपनि लोभलालच, अपवाह वा बाह्य उक्साहटमा परेर गलत क्रियाकलाप तर्फ नलाग्न व्यवसायीलाई आग्रह गरे । उनले शान्तिसुरक्षा तथा अपराध नियन्त्रणमा प्रहरीसँग सहकार्य गर्दै जिम्मेवार भूमिका निर्वाह गर्न व्यवसायीलाई अनुरोध गरेका छन् ।

प्रहरीकाअनुसार यस्ता कार्यक्रमले समुदाय-प्रहरी सम्बन्ध थप सुदृढ हुने र बजारक्षेत्रमा देखापर्नसक्ने जोखिम तथा समस्यालाई समयमै पहिचान गरी न्यूनीकरण गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ ।

**कर्मचारी आवश्यकता**

एक प्रतिष्ठित कम्पनीको लागि निम्न अनुसारको कर्मचारी आवश्यकता परेको हुँदा इच्छुकले तुरुन्त सम्पर्क गर्नहोला ।

| पद | आवश्यक संख्या |
| --- | --- |
| कुक | १ जना |
| बेकरी म्यान | १ जना |

सम्पर्क नं. ९८५५०७२१०९

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**


- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

# एआई चिप बनाउन कति खर्च लाग्छ ?




कुनै समय विज्ञान कथा अर्थात् साइन्स फिक्सन जस्तै लाग्ने कृत्रिम बुद्धिमत्ता एआई आज हाम्रो दैनिक जीवनको अभिन्न हिस्सा बन्दै गएको छ । मोबाइल फोनमा भ्वाइस असिस्टेन्टदेखि कार्यालयमा डेटा विश्लेषण अनि अस्पतालमा रोग पहिचानदेखि कारखानामा अटोमेसनसम्मका सबै ठाउँमा एआई फैलिइरहेको छ ।

तर यो प्रविधिको तीव्र रुपमा विकास भईरहेको क्षेत्रभित्र एउटा कठोर यथार्थ पनि छ । त्यो हो यसको अकल्पनीय रूपमा महँगो बनिरहेको यसको लागत । वास्तवमा एआई जति लोकप्रिय हुँदैछ यसका लागि आवश्यक चिप निर्माणको खर्च पनि त्यत्तिकै आकासिँदै गएको छ ।

विश्वको सबैभन्दा ठूलो एआई चिप निर्माता कम्पनी एनभिडियाका सिइओ जेनसन हुआङ स्वयंले यस बारेमा खुलासा गरेका छन् । उनका अनुसार नयाँ एआई-चिप संरचनाको डिजाइन र निर्माण प्रक्रिया सुरु गर्नमै साढे ५ अर्ब अमेरिकी डलरभन्दा बढी खर्च भइहाल्छ । आश्चर्यको कुरा त चिपको पहिलो युनिट कारखानाबाट बाहिर निस्कनुअघि नै यति ठूलो रकम खर्च भइसकेको हुन्छ ।

**किन चाहिन्छ यति ठूलो रकम ?**

नयाँ पुस्ताको एआई चिप बनाउन त्यसको डिजाइन, इन्जिनियरिङ, आर्किटेक्चर विकास, सिमुलेशन, टूल चेन निर्माणजस्ता सबै प्रक्रिया सुरुबाटै तयार गर्नुपर्छ । हुआङका अनुसार, केवल डिजाइन र इन्जिनियरिङमै ५ देखि ६ अर्ब डलरसम्म खर्च लाग्छ ।

त्यसपछि चिपको डिजाइन तयार भएपछि त्यसलाई उत्पादन गर्न मास्क सेट बनाउनुपर्छ, जसमा मात्रै करिब ५० करोड डलर खर्च हुन्छ । यसको अर्थ चिप उत्पादन थाल्नुअघि नै करिब साढे ५ अर्ब डलर खर्च भइसकेको हुन्छ ।

**प्रति चिप कति खर्च पर्छ ?**

सुरुआती खर्च अत्यन्तै ठूलो देखिए पनि प्रतिचिपको वास्तविक मूल्य भने फरक हुन्छ । उदाहरणका लागि एनभिडियाको अत्याधुनिक एआई चीप Blackwell B200 को मूल्य प्रतिचिप करिब ३० हजारदेखि ४० हजार अमेरिकी डलरसम्म पर्छ ।

यो मूल्य यसको अघिल्लो पुस्ताको H100 चिपको मूल्यकै हाराहारीमा छ । यसको अर्थ के भने बिक्री गरिने उक्त प्रतिगोटा चिपको मूल्यमा अनुसन्धान तथा विकास खर्च वा प्रारम्भिक लागत समावेश भएको हुँदैन । उक्त मूल्यमा केवल उत्पादन, प्याकेजिङ, ढुवानी खर्च र कम्पनीको नाफा जोडिएको हुन्छ ।

**यति महँगा चिप किन चाहिन्छ ?**

यहाँनेर स्वाभाविक रूपमा प्रश्न उठ्छ कि आखरि यतिधेरै महँगा एआइ चिप किन बनाउनु पर्यो ? प्रविधिको क्षमतामा यसको उत्तर लुकेको छ । सामान्य सिपियू वा जिपियूको तुलनामा Blackwell B200 जस्ता उन्नत एआई चिप अत्यधिक शक्तिशाली हुन्छन् ।

यी चिपहरूको कम्प्युटिङ क्षमता, मेमोरी र ऊर्जा दक्षता यति उच्च हुन्छ कि ती चिपले सयौं साधारण प्रोसेसर र GPU को काम एक्लै गर्न सक्छन् । यसका कारण ऊर्जा खर्च, समय र सञ्चालन लागतमा ठूलो बचत हुन्छ । त्यसैले महँगा भए पनि यी चिपहरू भविष्यको प्रविधिका लागि अपरिहार्य बन्दै गएका छन् ।

**यौन स्वास्थ्य**

## महिलाको प्रजनन क्षमता

# कुन उमेरमा गर्भधारण गर्नु उचित

धेरैजसो महिलालाई आफ्नो प्रजनन क्षमता सम्बन्धी अधिक जानकारी हुँदैन । यस कुरा त्यसबेला जरुरी हुन्छ, जब कुनै दम्पती सन्तानको योजना बनाउँन थाल्छन् । सामान्य धारणा के छ भने प्रजनन क्षमताको कुरामा महिला मात्र जिम्मेवार हुन्छन् ।

यद्यपि सत्य के भने, प्रजनन क्षमताको समस्या महिला र पुरुष दुबैमा समान हुन्छ । तर, यसमा महिलाको उमेर पनि केही मात्रामा भूमिका खेल्ने बताइन्छ । प्रजनन क्षमताको बारेमा श्रीमान र श्रीमती दुबैले जान्नुपर्ने हुन्छ । किनभने गर्भाधारण, वच्चाको स्वास्थ्य र गर्भावस्थाको क्रममा सही विकल्प छनौट गर्नका लागि यसले सहयोग गर्न सक्छ ।

पुरुषको तुलनामा महिलाको उमेरले प्रजनन क्षमतामा प्रभाव पार्छ ? प्रजनन क्षमताका लागि उमेरको कुरा गर्ने हो भने यसमा महिला र पुरुषमा भिन्न भिन्नै प्रभाव हुनेगर्छ । महिलाको जन्म निश्चित अन्डको संख्यासँग हुन्छ, जुन उमेर बढ्दै जाँदा कम हुँदै जान्छ । एउटा उमेर चरणमा पुगिसकेपछि उक्त अण्ड सकिन्छ ।

र, त्यसपछि उक्त अन्ड बन्ने प्रक्रिया नै रोकिन्छ । जबकि पुरुषको शरीरमा विर्य बन्ने क्रम जीवनभर कायम रहन्छ । यस हिसाबले के भन्न सकिन्छ भने महिलाको हकमा गर्भधारण गर्नका लागि एक सीमित उमेर हुन्छ । जबकि पुरुष ६०-७० वर्षको उमेरमा पनि पिता बन्न सक्छन् । अब जानौं, महिलामा प्रजनन क्षमता कुन उमेरमा बढी हुन्छ ?



**उमेरको दोस्रो दशकमा**

विज्ञका अनुसार उमेरको दोस्रो दशक वा २० वर्षको आसपासमा महिलाले स्वस्थ बच्चा जन्माउन सक्छिन् । यो त्यही उमेर हो, जतिबेला महिलामा प्रजनन क्षमता अत्याधिक हुन्ज्छ । दोस्रो दशकको सुरुवात र अन्त्यमा फर्टिलिटीमा कुनै अन्तर हुँदैन ।

**यस उमेरमा गर्भधारणका केही लाभ**

महिलाको अण्डमा आनुवांशिक असामान्य हुने संभावना कम हुन्छ । त्यसैले यस उमेरमा कुनैपनि आनुवंशिक डिसअर्डर, जस्तो कि डाउन्स सिन्ड्रोम, थैलेसिमिया जस्तो बच्चा जन्माउने जोखिम कम हुन्छ । गर्भपातको खतरा केवल १० प्रतिशत हुन्छ ।

जन्मको समय बच्चाको तौल पनि सही हुन्छ । अर्थात कम हुने संभावना हुँदैन । बच्चा पूर्णतय विकसित हुन्छन् । आमालाई पनि मधुमेह, उच्च रक्तचाप जस्तो कुनैपनि किसिमको स्वास्थ्य समस्या हुने जोखिम कम हुन्छ ।

**उमेरको यो चरणमा गर्भधारण गर्नुको बेफाइदा**

पहिलो पटकको गर्भधारणमा केही जटिलता हुन्छ । यदि तपाईंमा पिसिओडी वा गर्भाशयमा फाइब्राइड वा अन्य किसिमको रोग छ भने गर्भावस्थाको क्रममा थप समस्या देखिन सक्छ । जबकि पुरुषको प्रजनन क्षमताको कुरा गर्ने हो भने, उनको लागि चिन्ता गर्नुपर्ने खास कुरा छैन । यदि कुनै पुरुषमा प्रजनन क्षमता कमजोर हुन्छ भने त्यसमा उनको खराब जीवनशैली जिम्मेवार हुनसक्छ । यसको कारण मोटोपन, उच्च रक्तचाप, कुनैपनि किसिमको यौन संक्रमित रोगले स्पर्मको गतिशिलता र एकाग्रतामा प्रभावित गर्न सक्छ ।

**उमेरको तेस्रो दशकमा गर्भधारण**

यदि कुनै महिला आफ्नो उमेरको तेस्रो दशक अर्थात ३० बर्षको आसपासमा गर्भवती हुन चाहन्छन् भने उनीहरुमा हरेक महिला गर्भवती हुने संभावना १५ देखि २० प्रतिशतसम्म हुन्छ । यसका लागि उनीहरुमा कुनैपनि किसिमको जटिल रोग हुनुहुँदैन । एक अध्ययन अनुसार उमेरको तेसो दशकमा महिलाहरु आफ्नो पहिलो प्रयासमै गर्भधारण गर्ने संभावना ३० प्रतिशत हुन्छ । जब महिला ३५ बर्षको हुन्छन्, उनीहरुको अन्डको गुणवत्त र मात्रा कम हुन थाल्छ । यसैले उनीहरुको प्रजनन क्षमता पनि घट्छ । ३५ बर्षपछि गर्भधारण गर्ने संभावना स्वभाविक रुपले कम हुन्छ । यस उमेरमा जुम्ल्यहा बच्चा जन्माउने संभावना धेरै रहन्छ ।

**उमेरको तेस्रो दशकमा गर्भधारणका हानी**

यस उमेरमा गर्भधारण गर्दा बच्चामा आनुवंशिक समस्या हुने संभावना बढी हुन्छ । गर्भपतन हुने खतरा पनि रहन्छ ।

**४० बर्षको उमेरमा गर्भधारण**

४० वर्षको उमेरमा गर्भधारण गर्नु असंभव कुरा होइन । यद्यपि ध्यान दिनुपर्ने कुरा के भने ४० वा ४४ बर्षको उमेरमा गर्भधारण गर्ने दर ५ प्रतिशतले कम हुन्छ । जबकि ४५ बर्षको उमेरमा यो दर १ प्रतिशत मात्र हुन्छ । सेन्टर फर डिजिज कन्ट्रोलका अनुसार विश्वभरमा आधा महिला उमेरको चौथो दशकमा प्रजनन सम्बन्धी समस्याले पीडित हुनेगर्छन् ।

त्यसो त गर्भवती हुने सही समय त्यही हुन्छ, जब तपाईंलाई अनुकुल मिल्छ । कतिपयले आफ्नो आर्थिक स्थिती राम्रो भएपछि वा करियर सुरु गरेपछि गर्भधारण गर्ने योजना बनाउँछन् । यदि तपाईं लामो समयपछि मात्र सन्तानको योजना बनाउँदै हुनुहुन्छ भने एक पटक चिकित्सकको सल्लाह लिनु उपयुक्त हुन्छ ।

**साहित्य**

कथा

# चौध वर्ष



✍ इ. विनोद खनाल

बसबाट ओर्ले पछि टाढा दृष्टि लगाएँ । सन्ध्याले आफ्नो लालीमा फैल्याउन सुरू गरी सकेको थियो, नेटो पारिको आकाश रक्तिम लालीमा मुस्कुराएर मलाई स्वागत गरी रहेको थियो । यस्तो मनोरम दृश्यको अवलोकन चौबिस वसन्तमा प्रथम पटक मैले मेरै जन्म स्थलमा गर्दै थिएँ । सायद समयको बगाइमा त्यतातिर मनमस्तिष्क कहिल्यै भौतारिन नपाएकोले नै होला थाहा नभएको, अन्यथा मेरो देशको कुन भूभागमा यस्तो आकर्षण, यस्तो विमोहित दृश्य नहोला ! एउटा कपडाको सानो झोला काँधमा हालेर म अघि बढें । मलाई अँध्यारो नहुँदै घर पुग्नु थियो ।

घर ! हो घर । यो घर शब्दले मलाई मेरो मनलाई चञ्चल बनाई दियो । मेरो चञ्चल मन पखेटा हालेर घर पुगी सकेको थियो र म आफू पनि सँगसँगै पुग्न खुट्रुटालाई पखेटा बनाउन असफल कोसिसमा शरीरलाई सकेसम्म छिटो घर तिर हुत्याई रहेको थिएँ । पखेराको घरले मलाई बोलाई रहेको थियो । यो गोरेटेमा मैले आफ्नो चौध वर्ष अघिको पाइतालाको छाप खोज्ने हास्यास्पद कोसिस गरेँ । यही बाटोले मलाई चौध वर्ष पछि प्रथम पटक स्वागत गर्दै थियो ।

उकालो सुरु भयो । अब करिब डेढ घण्टा उकाली ओरालीका गोरेटोमा हिँडे पछि म घर पुग्छु भन्ने अन्दाज गरेँ । सानो छँदा बुबासँग दुई चार पटक हाट लाग्दा यता बेँसीतिर आएको थिएँ तर आज यो गोरेटोबाट म नौलो जीवन लिएर घर फर्कँदै थिएँ, एक्लै । कहिलेकाहीँ बुबा पछि दौडी रहेको अनुभूति गर्दै म पनि दौडिन्थेँ र आफ्नो यो बालापना प्रति आफैं मुस्कुराउँथेँ ।

एक हुल केटाकेटी मेरो नजिकैबाट दौडिँदै गए । मलाई मेरो बाल्यकालको सम्झना भयो । हो त, म पनि यही उमेरमा स्कुल जाने निहुँमा सधैंका लागि घरबाट भागेको थिएँ आफैं जस्ता दुई चार जना गाउँका केटाहरुसँग । मलाई पढ्न भन्दा खेल्न मन लाग्थ्यो तर घरमा बुबा आमा आफ्नो एक्लो छोरालाई केही बनाउन चाहनु हुन्थ्यो र सधैं पढ्नको लागि जोड दिनु हुन्थ्यो । एक्लो छोरा भएर होला बढी पुल्पुलिएको थिएँ । घरको आर्थिक स्थिति त्यति राम्रो पनि थिएन । अलिअलि घरायसी काम पनि गर्नु पर्थ्यो सानै भए तापनि । समष्टिगत रूपमा भन्ने हो भने मेरो सङ्गत नराम्रा चालचलन भएका केटाहरुसँग थियो । त्यही केटाहरुको लहैलहैमा बुबाको खल्तीबाट सय रुपैयाँ चोरेर सखारै वा सबेरै सहर आएँ । पैसा भइन्जेल त मोज गरेँ तर पैसा सकिए पछि घरको सम्झनाले सतायो । घर फर्कन लाज लाग्यो, कुन मुख लिएर बुबाको अगाडि पर्ने ! गाउँलेले के भन्लान ? बरु जे होला जसरी होला यतै बस्ने निधो गरेँ ।

एक जना अधबैंसे कोदाली बोकेर नजिकैबाट गयो । कता कता देखेको जस्तो लाग्यो तर यति लामो अन्तराल र त्यस माथि बाल्यकालको स्मृतिले यी सबै कुराको हेक्का राख्न दिन्थ्यो र ! चौध वर्ष ! विगत चौध वर्षमा मैले के अनुभव गरिन र ! चौध वर्षको कहाली लाग्दो समयलाई के मैले दुई चार हरफमा कोर्न सक्छु र ! अहँ, त्यो अव्यक्त क्षणलाई समेट्ने कोसिस गर्नु त व्यर्थ नै हुन्छ तर ती भुल्न नसक्ने दुई चार ओटा कुराले के मलाई यसरी नै जिन्दगीभर लखेटी रहने छ त ? तर अब मैले प्रायश्चित पनि त गरी सकेँ । आज म त्यो फोहोरी जिन्दगीबाट बाहिरी सकेँ र एउटा जिम्मेवारीपूर्ण अभिभारा बोकी सकेको छु । त्यही जिम्मेवारीपूर्ण पदले गर्दा चौध वर्ष पछि आफूलाई घर फर्काउन सफल भएको छु । बुबाले बनाउन खोज्नु भएको ठुलो मान्छे हुन नसके पनि यस देशको जिम्मेवार नागरिक भैसकेको छु ।

बाटोको छेउको चौतारोमा एकै छिन सुस्ताउन बसेँ । सिर्सिरे बतासले मनलाई हलुको बनायो । आहा कस्तो अनुभूति ! कस्तो आफ्नोपन ! कति सुगन्धित वातावरण ! कहाँ यो मेरो आफ्नो स्वर्गभूमि कहाँ त्यो धुलो, धुवाँ र होहल्लाले गुम्सिएको कहाली लाग्दो सहर ! यो शीतल बतासले हल्लाई रहेको पात र चञ्चल, हर्षित मनमा के फरक छ र ! त्यो पात हावासँग मस्त झुमी रहेछ र यो मन आफन्तसँगको पुनर्मिलनको कल्पनासँग । निधारको पसिना ओभाए पछि म बाटो लागेँ ।

भोक लागेको अनुभव भयो । भोक ! हो, आज भन्दा चौध वर्ष अगाडि मैले भोकले गर्दा के के गरिन ! सम्झनाले मात्रै पनि मन अमिलो भएर आउँछ । कन्टेनरमा फालेको खानेकुरा भुस्याहा कुकुरसँगै खाएको हिजै जस्तो लाग्छ । बोरा ओढेर छिँडीमा, पेटीमा आफू जस्तै अनेकौं खातेसँग रात कटाएको क्षण म बिर्सन सकुँला र ! आफैंसँग गाउँ छोडेर हिँडेका साथीहरु पैसा सकिए पछि कहाँ पुगे मलाई थाहा भएन तर म भनेँ खातेहरुको हुलमा पुगेँ । कुकुरले हालेको जुठोबाट उठेर विस्तारै म प्लास्टिक बटुल्ने दुनियाँमा पुगेँ । खानामा केही स्तरीयता आएता पनि आवास चाहिँ छिँडी र फुटपाथ हुन छाडेन । दिनभरि एउटा ठुलो बोरा काँधमा झुण्ड्याएर कन्टेनर र फोहरको थुप्रामा प्लास्टिक बटुल्ने दिनचर्यामा आफूलाई जिन्दगीको गोरेटोमा डोऱ्याउन थालेँ । त्यसबाट आउने पैसा तास, खोपी, गुच्चा खेल्न र भिडियो हेर्दैमा सकिन थाल्यो । जति कमाए पनि नपुग्ने स्थितिले करिब एक वर्ष पछ्याई रह्यो । त्यसै बेला अलि अलि नशाको कुलतमा पनि लागेँ । त्यस पछि भने मैले आफ्नो कार्य क्षेत्र फेरेँ । म धेरै जसो भिडभाडमा छिर्न थालेँ । कहिले गौशाला कहिले लगनखेल, कहिले कोटेश्वर त कहिले बालाजु, कहिले महाराजगञ्ज त कहिले कलंकी तिर जाने बसमा म आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्न तल्लीन भएँ । दुई तिन जना साथी विना त यो क्षेत्रमा टिक्नै मुस्किल । सुरु सुरुमा त अर्काको खल्तीमा हात हाल्न डर लागे तापनि पछि पछि बानी लाग्न थाल्यो । आम्दानी बढेकोले मेरो बस्ने ठाउँ पनि फेरियो । तिन जना साथी सँगसँगै एउटा कोठामा बस्न थाल्यौं । लवाइ खवाइमा पनि भिन्नता आयो साथसाथै जुङ्गाको रेखीले पनि ममा अर्को भिन्नता ल्याएको थियो । पैसाको मातले ती साथीहरु सहित म नशाको लतमा झन फस्न थालेँ । एकातिर पाकेटमारी र अर्को तिर नशा । मान्छेलाई बिग्रन कति समय लाग्दो रहेछ र !

हिँड्दा हिँड्दै ठोक्किएँ । अँध्यारो फैलिन सुरु भई सकेको थियो । पाइलालाई अझै गति दिएँ अन्यथा घर पुग्न ढिलो हुने छाँट देखेँ । जे होस् चौध वर्ष पछि घर फर्किन त पाएँ । सोचेको थिइन कहिल्यै घर फर्कन्छु होला भन्ने तर तिन वर्ष अगाडिको घटनाले मेरो जिन्दगीको सोचाइ र लक्षलाई नै परिवर्तन गराई दियो । त्यो घटना सम्झँदा पनि आङ्ग सिरिङ्ग हुन्छ, मुटु काँपेर आउँछ ।

तिन वर्ष अगाडिको एक रात हामी तिन जना साथीहरु नशामा लठ्रुठ थियौं । बाटो एकान्त थियो र हामी लठ्रुठिएर एउटा कुना तिर बसेका थियौं । टाढाबाट दुईजनालाई आई रहेको देख्यौं, अलि नजिक आइपुग्दा ती भर्खरका केटीहरु रहेछन् भन्ने थाहा भयो । उनीहरुले टाढैबाट हामीलाई देखे र अलि छिटो छिटो हिड्न थाले । हामी नशाले झनै विवेकहीन भएका थियौं । एकान्त बाटो, छोरी मान्छे त्यसमाथि नशाले मातिएका विवेकहीन प्राणी हामी । हामीले एक अर्कालाई हेर्‍यौं, मौन आँखाबाट कुरा गर्‍यौं र सहमति जनायौं । हामी ती दुवैको बाटो छेक्न पुग्यौं । उनीहरु नराम्रोसँग झस्किए । मैले एउटीको हात समात्न पुगेँ, ऊ भाग्न खोजी । उसले मलाई हेरी, उसको मृगनयनी आँखा मलाई बाघको बिचमा परेकी त्रसित हिरणी जस्तो लाग्यो । भय र त्रास मिश्रित आँखामा याचनाका छालहरु दौडिए । एक्कासी अर्की चिच्याउँदै भागी । मैले समातेकी केटी डरले काँपी रहेकी थिई । म राक्षस भई सकेको थिएँ । नशाले मलाई पिशाच बनाई सकेछ । मैले त्यो डराएकी हरिणीलाई आफू तिर तान्न लागेँ । एक्कासी कसैले मलाई पछाडिबाट हिर्कायो । म लड्न पुगेँ । टाउको भुईंमा ठोक्कियो, आँखा तिरमिरायो । दुई ओटा प्रहरीको पकडमा आफूलाई पाएँ । साथीहरु कति खेर भागेछन् थाहै पाइन ।

घरमा बाबुआमाको लाडप्यारमा पुलपुलिएको छोरोले रातभर प्रहरीको बुट र लात्तीको प्रहार खानु पऱ्यो । मेरो साथबाट बरामद भएको नशाको प्याकेटले मलाई झन् अप्ठ्यारोमा पाऱ्यो । लागुऔषध अन्तर्गत कारवाही सुरू भयो । कहाँबाट, कोसँग, कसरी र कतिमा किनबेच हुन्छ भन्ने सोधपुछ हुने क्रममा मैले जीवनमा नसोचेको शारीरिक तथा मानसिक यातना सहनुपऱ्यो । मसँग सबै जानकारी लिए पछि लागुऔषध सेवनको नशा छुटाउन मलाई सुधार गृहमा पठाइयो ।

म एक वर्ष सुधार गृहमा रहेँ । यस एक वर्षको समयमा मलाई मेरो विगतको पेशा, नशाको लत र मैले बिताएको दश वर्षको समय र त्यसको वातावरण सम्झँदै घृणा लाग्न थाल्यो । मैले घर सम्झिएँ, आमाको माया, बुबाको सपना सम्झेँ । गाउँमा छुटेको साथी सम्झेँ, स्कुल, आफन्त अनि वितेको दश वर्ष सम्झेँ । भक्कानो फुटेर आयो, रोएँ, खुब रोएँ, यति रोएँ कि दश वर्ष देखि दबिएको आँसु सबै पोखेँ । मैले आफूलाई सुधार्ने अठोट गरेँ । सुधार गृहमा मैले आफ्नो शरीर बनाउन सुरू गरेँ ।

एक वर्ष सुधार गृहमा बसे पछि म त्यहाँबाट निस्किएँ । एकजना वरिष्ठ प्रहरीको सहयोगमा मैले केही समय पछि प्रहरीमा नाम निकाल्न सकेँ । बुबाको सपना सायद मलाई ईन्जिनियर वा डाक्टर बनाउने थियो होला तर समयले मलाई सिपाही बनाई दियो । केही समयमै सिपाहीको तालिम पनि सकियो । मलाई घरको सम्झनाले सताई रह्यो र चौध वर्ष पछि मैले केही दिनको लागि घर जाने निर्णय गरेँ ।

आज चौध वर्ष पछि म घर फर्कँदै छु । यतिका वर्ष पछि मलाई देख्दा आमा बुबाले चिन्नु हुन्छ कि हुन्न होला ! आमाबुबा पनि बुढो हुनु भयो होला । घर अगाडिको त्यो ठुलो आँपको बोट अझै छ कि छैन होला ! साँच्ची, त्यो मेरी चार वर्षकी सानी बहिनी त अहिले ठुली भई सकि होली ! त्यसले त झन् के चिन्छे र ! चौध वर्ष भयो घर छोडेको । म त धेरै फेरिसकेँ, चौध वर्षमा त परिवर्तन भनेको त ठुलै हुन्छ नि ! मलाई त कतिले चिन्दै चिन्दैनन् होला !

पाखामा झ्याउँकिरी कराउन थाल्यो । टाढा टाढाको घरका पिँढीमा टुकीको उज्यालो देखियो । म पनि आफ्नो घर नजिक पुगी सकेको थिएँ । केही छिन पछि नै म मेरो जन्म घरमा आमा बुबाको साथमा हुन्छु भन्ने मिठो तरङ्गले शरीरमा स्फूर्ति जगायो । पाइला छिटो छिटो चाल्न थालेँ ।

म आँगनमा पुगेँ, भित्र लालटिनीको उज्यालो थियो । सायद आमा भान्छामा हुनु हुन्थ्यो । लालटिनी लिएर बुबा बाहिर निस्किनु भयो । त्यति बुढो त देखिनु भएको रहेनछ । रात भए तापनि बुबाको आँखा लालटिनीको उज्यालोमा पनि निराशाले ढाकिएको प्रष्ट देखेँ । मलाई देखेर पिँढीमा टक्क उभिनु भयो । चिन्नु भएन, अँध्यारोले हो कि ! गएर ढोगेँ । लालटिनी उचालेर मेरो अनुहार नजिक ल्याएर केहीबेर नियाल्नु भयो । उहाँको ओठ थर्थरायो । आँखामा अविश्वासनीय हर्षका रेखा दौडिए ।

'बिनु' कँपेको अस्पष्ट स्वर निस्कियो ।

मेरो आवाज फुटेन, आँखाबाट भल फुट्यो । बुबाको आँखा त्यो अँध्यारोमा चम्कियो, खुशी र हर्षोल्लासको रेखा अनुहार भरी फैलियो ।

'बिनुकी आमा, बाहिर आइज त ।' वहाँको कम्पित स्वर निरव रात्री चिर्दै निस्कियो ।

'किन बोलाउनु भएको ?' एउटा छायाँ घरको मूल ढोकाबाट बाहिर निस्कियो । आमा चाहिँ अलि बुढो देखिनु भएछ । सायद पिर, चिन्ता अनि घरको बोझले होला । 'हेर त को आएछ ?' बुबाको स्वरमा अझै कम्पन थियो ।

आमा नजिक आउनु भयो । बुबाले लालटिनी उचालिरहनु भएको थियो । मैले आमालाई ढोगी दिएँ । आमाले मलाई नियाल्नु भयो । कालो जुँगाले मेरो रूपमा चौध वर्ष पछि निकै भिन्नता ल्याएको थियो तर आमाबाबुलाई यस जुँगाले फेरिदिएको त्यो स्वरूपले केही फरक पार्दो रहेनछ भन्ने कुरा आमाको आँखाको चम्काईबाट थाहा पाएँ । आमाको आँखा रसायो, बरर आँसु खस्यो । मेरो आँसु पनि थामिएन । एक्कासी आमाले मलाई अँगाल्नु भयो । बुबाको आँखा पनि भरिएर आयो । आमा निकै बेर रुनु भयो, म पनि सँगै रोई रहेँ । चौध वर्षको आँसु आमाको आँचलमा पोखी दिएँ । केही बेर पछि बुबाले स्थिति सम्हाल्नु भयो । मलाई आमाले अँगालोमा नै कसेर भित्र लानु भयो । आमा भान्छामा पस्न मान्नु भएन त्यसैले बुबा र म पनि आमासँगै भान्छामा गयौं । मैले सोचेकै थिइन बुबा आमाले मलाई यति माया गर्नु हुन्छ भन्ने । यदि थाहा भएको हुँदो हो त आज भन्दा चौध वर्ष अघि म घरबाट किन भाग्ने थिएँ र !

आमाले धेरै परिकार बनाउनु भयो । मैले यति बिघ्न कहिल्यै खाएको थिइन । आमाले थपी थपी खुवाउनु भयो र मैले पनि पुग्यो, भयो भन्न सकिन । मैले खाएको आमा बुबाले हेरी रहनु भयो रसिलो आँखाले, मेरो पनि आँखा रसाएर आयो । रातभर कुरा गरी रह्यौं ।

'अब त बस्छस् होला नि !' आमाले सुस्तरी भन्नु भयो ।

'एक महिना जति बस्छु ।'

'अब जानु पर्दैन ।' आमाले रुन्चे स्वरले भन्नु भयो । यो आमाको माया बोल्दै थियो । बुबालाई थाहा थियो सिपाही भनेको के हो तसर्थ उहाँ केही बोल्नु भएन तर आँखाले चाहिँ आमाको कुराको समर्थन गर्दै थियो ।

'अनि बहिनी खोई ?' मैले सोधेँ ।

'मामाघर गएकी छे । भोली खबर पठाउँला, उँडेर आउँछे ।' बुबाले हाँस्दै भन्नु भयो । कुखुरा बास्ने बेलामा सुत्यौं । बिउँझिदा घाम एक हात माथि आई सकेको थियो । दिन भरी गाउँलेले हाम्रो घर ढाकियो । दिन बितेको पत्तै भएन । साँझ पऱ्यो, म कोठामा छिरेँ र ओछ्यानमा पल्टिएँ । शरीर थकित भएको थियो ।

'बुबा, दाजु आउनु भएको हो ? खोई दाजु ?' मैले एउटा सुरिलो स्वर सुनेँ ।

'भित्र कोठामा छ ।' बुबाले भन्नु भयो ।

'दाजु……' बाहिरैबाट हर्षित स्वर चिच्याउँदै नजिक आउँदै गरेको सुनेँ । एउटा छाया द्रुतगतिमा ढोकाबाट भित्र छिर्दै 'दाजु' भन्दै कोठाको बिच भागमा आइपुग्यो र टक्क अडियो । म जुरुक्क उठेँ । मेरो श्वासप्रश्वास रोकियो । मुटु फुटेर रगत मुखमा आएको भान भयो । मेरो आँखा अगाडि बाघैबाघले घेरिएकी त्रसित हरिणीको आँखामा ठोक्कियो । उसले पनि मलाई हेरी, त्यही भय मिश्रित आँखाले । मैले जडवत् उसलाई हेरी रहेँ । मैले त्यहाँ उसलाई देखिन, देखेँ त केवल मृगनयनी आँखा र बाघको बिचमा घेरिएकी त्रसित हरिणी ।

भोलिपल्ट कुखुरोको डाँकसँगै म ओछ्यानबाट उठेँ । लुगाफाटा झोलामा हालेँ र बिस्तारै ढोका खोलेर आँगनमा आएँ । घरलाई फर्केर आँखा भरी हेरेँ । बिस्तारै बाटो लागेँ । चौध वर्ष पछि फेरि चौध वर्ष अघि झैँ यो घर, गाउँ, आमाबुबा र आफन्तलाई छोडेर जाँदै थिएँ । त्यति खेर जाँदा देख्ने कोही थिएन तर आज एक जोडी त्रसित आँखाले झ्यालबाट चिहाइ रहेको थियो ।




# लुम्बिनीको शानदार पुनरागमन



काठमाडौं/ गत संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपीएल) क्रिकेटमा लिग चरण पार गर्न नसकेको लुम्बिनी लायन्सले दोस्रो संस्करणमा लोगोदेखि जर्सी अनि खेलाडीदेखि प्रशिक्षकसम्म परिवर्तन गरेको थियो । सुरुवाती खेलमै जित हासिल गरेर परिवर्तनलाई सार्थक बनाउने संकेत दिएको लुम्बिनीले त्यसपछि भने लगातार तीन हार बेहोर्‍यो, जसले टोलीलाई प्लेअफमा पुग्न चुनौतीपूर्ण अवस्थामा पुर्‍याएको थियो ।

४ खेलमा २ अंक मात्र जोड्न सकेपछि लुम्बिनीका लागि हरेक खेल 'गर या मर'जस्तै थिए । चुनौतीका बीच लुम्बिनीले त्यसपछि शानदार पुनरागमन गर्दै बाँकी तीनवटै खेल जितेर प्लेअफमा स्थान बनाउन सफल भएको छ । प्रतियोगिताकै बीचमा पनि विदेशी खेलाडीदेखि ब्याटिङ अर्डरमा पनि परिवर्तन गर्दा त्यसले सकारात्मक नतिजा टोलीलाई दिएको छ । शुक्रबार भएको जनकपुर बोल्ट्ससँगको निर्णायक खेल जित्दै लुम्बिनीले अन्य समीकरणलाई पनि 'डिसमिस' गरेको छ ।

लुम्बिनीलाई जिताउन ब्याटबाट ३४ रन अनि बलिङमा २ विकेट लिएका कप्तान रोहित पौडेल प्लेयर अफ द म्याच घोषित भए । उक्त अवार्ड उनले आमाप्रति समर्पित पनि गरे । अब लुम्बिनीले इलिमिनेटरमा काठमान्डु गोर्खाज वा विराटनगर किङ्समध्ये एकसँग खेल्नेछ । लुम्बिनीका कप्तान रोहित पौडेलले अब बाँकी खेलमा यही मोमेन्टम लिएर जाने बताएका छन् ।

**लुम्बिनीको पुनरागमन**

यस संस्करण लुम्बिनीले पहिलो खेलमै जित निकालेर राम्रो संकेत दिएको थियो । तर त्यसपछि भने लुम्बिनीले लय गुमाउँदा लगातार तीन हार बेहोरेपछि प्लेअफ सम्भावना कमजोर बनेको थियो ।

पाँचौं खेलअघि लुम्बिनीको टोलीमा केही परिवर्तन भए । अफगान अलराउन्डर गुल्बादिन नाइब आईएलरु टी-२० खेल्न दुबई फर्किने भएपछि लुम्बिनीले श्रीलंकन विकेटकिपर ब्याटर निरोशन डिक्वेलालाई टोलीमा ल्याएको थियो । त्यहाँबाट सुरु भयो लुम्बिनीको पुनरागमन ।

डिक्वेलाको आगमनले लुम्बिनीको मिडल अर्डर बलियो बनाएको थियो । यसअघि ओपनिङमा पठाइएका सन्दीप जोरा पनि आफ्नै मिडल अर्डर पोजिसनमा फर्किएका थिए । लुम्बिनीले पाँचौं खेलमा पोखरा एभेन्जर्सलाई हरायो भने छैटौं खेलमा विराटनगर किङ्सलाई पराजित गर्‍यो ।

यसपछि ६ अंक जोडेको लुम्बिनीले शुक्रबार जनकपुर बोल्ट्सलाई हराएमा प्लेअफ पुग्ने समीकरण बनेको थियो । नेट रनरेटको चिन्ता पनि गर्नुपर्ने थिएन । जनकपुरमाथि सहज जित हासिल गर्दै लुम्बिनी प्लेअफमा पुग्यो ।

खेलपछि कुरा गर्दै कप्तान रोहित पौडेलले कुनै प्रेसर नलिइ खेलेको बताए । 'हामीलाई थाहा थियो रनरेट म्याटर गर्दैन भन्ने, सजिलो जिते पुग्छ भन्नेमा थियौं, अलि चाँडै भ्याइन्थ्यो होला तर बीचमा अलि विकेट गयो' उनले भने । त्यसअघि खेलमा जनकपुरले टस जितेर पहिले ब्याटिङ गरेपनि लुम्बिनीले नै सुरुवातदेखि दबाब बनाउन थालेको थियो । दुई ओपनर माज सदाकत र आसिफ शेख अनि अनिल साहलाई पावरप्लेभित्रै आउट गरेपछि लुम्बिनीले जनकपुरमाथि दबाब बनाएको थियो ।

संगीथ कूरे र मयन यादवले अन्त्यसम्म संयमित साझेदारी बनाएपछि जनकपुरले १३२ रनको योगफल बनाएको थियो । योगफल केही कम देखिएपनि पिच अनुसार चुनौतीपूर्ण हुन सक्थ्यो । जवाफी ब्याटिङमा उत्रिएपछि पहिलो बलमै ओपनर सुमित महर्जन आउट भएर लुम्बिनीको सुरुवात राम्रो देखिएन, तर त्यसपछि डार्सी शर्ट र कप्तान रोहित पौडेलले ६१ रनको साझेदारी बनाए । शर्टले ३० रन बनाए । कप्तान रोहित पौडेलले ३४ रन बनाए ।

आठौं ओभरमा शर्ट आउट भएपछि डिक्वेला क्रिजमा आए । डिक्वेलाले टोलीमा आगमनपश्चात् हरेक खेलमा राम्रो प्रभाव पार्दै आएका छन् । आजको खेलमा लक्ष्य पनि धेरै नभएकाले केही समय लिएर संयमित ब्याटिङ गरेका थिए । अर्का विदेशी खेलाडी जेजे स्मिटले पनि २१ रनको योगदान दिए । बीचमा जनकपुरले केही क्स्वीक विकेटहरू लिँदा खेल अन्तिम ओभरसम्म पुगेको थियो । तर लुम्बिनी जितको नजिक पुगिसकेकाले जित्न कठिन भने भएन ।

कप्तान रोहित पौडेलले कमब्याक गरेर प्लेअफमा पुगिने विश्वास टिमभित्र सबैले राखेको बताए । 'मैले इन्टरभ्यूमा पनि भनेको थिएँ, म्याच बाँकी छ, कमब्याक गर्छौं भनेर' उनले भने । 'एकदम इमोसनल मोमेन्ट पनि थियो, गत सिजन सोचेको जस्तो भएको थिएन, यसपटक केही प्रमाणित पनि गरेर देखाउनु थियो । धेरै अप एन्ड डाउन भयो टिमको तर कमब्याक गर्‍यौं, टिमले धेरै राम्रो गरिरहेको छ, यही मोमेन्टम लिएर अगाडि जानेछौं' रोहितले थपे ।

कप्तान रोहित पौडेलले प्लेअफमा पुगेका टिममध्ये सबैभन्दा बलियो लुम्बिनी नै लागेको समेत बताए । 'लुम्बिनी सबैभन्दा राम्रो शेपमा देखिएको छ, तीनवटै टिम राम्रो छन् । तर लुम्बिनी एकदम बलियो देखिइरहेको छ' उनले भने, 'हामीले पछिल्लो ३ खेलमा राम्रो खेलेका छौं । यो कुराले क्यारिड अवे त हुनुहुँदैन तर ३ वटै टिम राम्रो छन् लुम्बिनी अझै बेटर छ ।'

**जनकपुरको फितलो प्रदर्शन**

प्रतियोगितामा खेलाडीदेखि कप्तानसम्मै परिवर्तन गरेको जनकपुर भने ६ खेलमा १ जित मात्ररु हासिल गरेर लिग चरणबाटै बाहिरिएको छ । जनकपुरले विदेशी खेलाडी पनि सबैभन्दा धेरै ८ जना घोषणा गरेर ७ जनालाई मौका दियो । चर्चित खेलाडीमध्येका एक इमरान ताहिर व्यक्तिगत कारणले नआउने भएका थिए । उनीबाहेक अन्य खेलाडीले खेले । प्रतियोगिताकै बीचमा कप्तान पनि २ पटक परिवर्तन गरेको जनकपुरले नतिजा भने बदल्न सकेन, लयमा फर्कनै सकेन ।

साविक विजेता जनकपुर बोल्ट्सले सुरुवाती ४ खेलमा लगातार पराजित भएर बाहिरिने संघारमा पुगेको थियो । पाँचौं खेलमा आएर पहिलो जित निकालेको जनकपुरले प्लेअफ सम्भावना जीवितै राखेपनि त्यही लयलाई शुक्रबारको खेलमा निरन्तरता दिन सकेन, र प्लेअफको यात्रा तय गर्न सकेन । शुक्रबारको खेलमा टस जितेर ब्याटिङ रोजेको जनकपुरले ब्याटिङ नै राम्रो गर्न सकेन । १३२ रन मात्र जोडेको जनकपुरले अति नै खराब फिल्डिङ गरेको थियो ।

विकेटकिपरले बल मिस गर्नुका साथै फिल्डरले क्याच छाड्नु जनकपुरको सबैभन्दा खराब पक्ष रह्रुयो । खेलपछि कुरा गर्दै आज कप्तान तोकिएका जान निकोल लफ्टी इटनले फिल्डिङसँगै ब्याटिङ पनि राम्रो हुन नसकेको बताए । 'ब्याटिङमा राम्रो सुरुवात हुन सकेन, संगीथ र मयनले राम्रो योगफलसम्म पुर्‍याए तर पर्याप्त भएन' उनले भने, 'बलिङमा पनि कन्ट्रोल हुन सकेन, फिल्डिङ पनि राम्रो भएन' उनले भने ।

(स्रोत: अनलाइनखबर)

# खिर्कीका २० घरमा शौचालय बन्दै




साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ३ खिर्कीको २० घरमा शौचालय निर्माण हुने भएको छ ।

तामाङ र सीमान्तकृत चेपाङ समूदायको बसोबास रहेको ठाउँमा शौचालय निर्माण हुने भएको हो । सुरक्षित तथा व्यवस्थित शौचालय निर्माण हुने भएपछि स्थानीयमा खुशी छाएको छ । शुक्रबार गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले लाभग्राहीलाई शौचालय प्यान हस्तान्तरण गर्दै समय सीमाभित्र निर्माण गर्न आग्रह गरेका छन् । 'खाल्डो खनी सक्नुभएको छ, अब २५ दिनभित्र निर्माण सम्पन्न गर्नुस्' उनले भने । राज्यले एकघर एकधाराको अवधारणा ल्याएसँगै यो अवधारणाको सूचकमा शौचालय र सरसफाई रहने उनले बताए ।

'जथाभावी दिसापिसाबले विभिन्न रोग, पानीजन्य रोगहरु लाग्ने भएकाले शौचालयमै दिसापिसाब गरिनुपर्ने सुझाए । संस्थाको आफ्नो नियम रहन्छ, समयसीमाभित्रै शौचालय निर्माण गर्नुस्,' उनले भने । गाउँपालिकाले छिट्टै सुरक्षित खानेपानीको लागि काम गर्नेछ । बालविकास कार्यक्रम नेपालले २० घरधुरीलाई शौचालय निर्माणको लागि पर्ने सम्पूर्ण निर्माण सामग्री सहयोग गरेको हो । संस्थाले गाउँपालिकाभित्र शिक्षा र स्वास्थ्यसँग विभिन्न काम गर्दै आइरहेको छ । यसअघि संस्थाले वडातहका कार्यालयका लागि विभिन्न सरसफाईका सामग्रीहरु हस्तान्तरण गरेको थियो ।

हस्तान्तरण कार्यक्रममा संस्थाका अध्यक्ष बालकृष्ण भट्टराई, संस्थाका अन्य प्रतिनिधिको उपस्थिति रहेको थियो । संस्थाको निमय र लाभग्राहीसँगको सम्झौताअनुरुप सामग्री हस्तान्तरण गरेको २५ दिनभित्र निर्माण सम्पन्न हुनुपर्ने सर्त रहेको अध्यक्ष भट्टराईले बताए । निर्माणका लागि सिमेन्ट, रड, प्यान, जस्तापाता लगायत अन्य सामग्री हस्तान्तरण गरिएको थियो ।

# नेशनल इन्सुरेन्स कम्पनीको १२०औं स्थापना दिवस सम्पन्न




साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ नेशनल इन्सुरेन्स कम्पनी लिमिटेडले आफ्नो स्थापनाको १ सय २० औं दिवस शुक्रबार एक औपचारिक कार्यक्रमका साथ मनाएको छ ।

कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत नवनित गुप्ताले कम्पनीसँग आबद्ध कर्मचारी, व्यवसायी तथा संघ-संस्थाहरुप्रति आभार व्यक्त गर्दै आगामी दिनमा अझ प्रभावकारी सेवा प्रवाह गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे। उनले सबैको सहयोग, विश्वास र साथले कम्पनी आजको अवस्थामा पुगेको उल्लेख गर्दै सम्बन्धलाई अझ प्रगाढ बनाउँदै लैजाने विश्वास समेत व्यक्त गरे ।

दिवसको अवसरमा कम्पनीको हेटौंडा शाखा प्रमुख शान्तितारा मानन्धरले पनि शुभकामना व्यक्त गर्दै सेवा विस्तार र गुणस्तरीय बीमा सुविधा प्रदान गर्ने लक्ष्यसहित कम्पनी स्थिरता र दिगोपनाका साथ अघि बढ्ने बताइन् ।

बीमा सेवा क्षेत्रमा लामो इतिहास बोकेको नेशनल इन्सुरेन्स कम्पनीले सेवा सुधार, विस्तार र ग्राहक हितलाई प्राथमिकतामा राख्दै अघि बढ्ने जनाएको छ ।

# खण्डहर केन्द्रीय कार्यालय आफैं बनाउँदै कांग्रेस



काठमाडौं/ २३ भदौको जेनजी प्रदर्शनमा राज्यले बर्बर दमन गरेको भोलिपल्ट नेताका घर र राजनीतिक दलका पार्टी कार्यालयहरू आन्दोलनकारीको निशानामा परे । ललितपुरको सानेपामा रहेको नेपाली कांग्रेसको पार्टी केन्द्रीय कार्यालय पनि आगजनीबाट ध्वस्त हुन पुग्यो । कांग्रेसले पार्टीले संस्थापक नेता बीपी कोइरालाको नाममा भवनको नाम राखेको थियो, 'बीपी स्मृति भवन' । भवनभित्र पछिल्लो एकाध वर्षमा महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माको विशेष सक्रियतामा पुनर्स्थापित गरिएको पुस्तकालय थियो, जहाँ करिब २० हजार ऐतिहासिक पुस्तक थिए ।

आगजनी गरिएकै साता महामन्त्री थापाले ध्वस्त भवनभित्र तयार पारेको भिडियो सन्देशमा त्यो पुस्तकालय ध्वस्त हुँदा आफू सबैभन्दा बढी दु:खी भएको बताएका थिए । करिब दुई दिनसम्म लागेको आगोले ध्वस्त बनाएको भवनमै सामान्य पुनर्निर्माणपछि गत असोज २८ मा पार्टीको केन्द्रीय कार्यसमिति बैठक बसेको थियो । लामो चलेको बैठकले आगामी महाधिवेशनको कार्यतालिका, आसन्न निर्वाचनमा सहभागिता लगायतका विशेष महत्वका निर्णय गरेको छ । यससँगै कांग्रेले पार्टी भवन पुनर्निर्माणका लागि आर्थिक संकलनमा पनि अघि बढाइरहेको छ । भवन पुनर्निर्माणका लागि सुरू गरेको आर्थिक संकलनबाट १६ करोडभन्दा बढी रकम संकलन हुने देखिएको छ ।

पुनर्निमाणका लागि पार्टी मातहतका विभिन्न ६ वटा कार्यसमिति, महाधिवेशन प्रतिनिधि, प्रदेश अधिवेशन प्रतिनिधि, क्रियाशील सदस्यसँगै केन्द्रीय कार्यसमितिका पदाधिकारी र सदस्यहरूबाट रकम संकलन गर्ने लक्ष्य छ । यी सबैबाट १६ करोडभन्दा बढी रकम संकलन हुने देखिएको हो । कांग्रेसले प्रदेश, जिल्ला, प्रतिनिधिसभा क्षेत्र, प्रदेश सभा क्षेत्र, महानगर/उपमहानगर/ नगरपालिका, गाउँपालिका र नगर तथा गाउँ वडा कार्यसमितिहरू तथा महाधिवेशन प्रतिनिधि एवं महासमिति सदस्यलाई आर्थिक सहायता, सहभागिताको लागि अपिल नै गरेको छ ।

पार्टीका क्रियाशील सदस्यहरू तथा पार्टीबाट स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिहरूलाई समेत सम्बोधन गर्दै कांग्रेसले उदारतापूर्वक आर्थिक सहयोग, आत्मिय सहभागिता र सशक्त समर्थनको अपेक्षासहित परिपत्र गरेको छ । परिपत्रमा आर्थिक सहयोगका लागि तोकिएको रकमको हिसाब गर्दा (स्थानीय तहका जनप्रतिनिधिबाहेक) केन्द्रीय कार्यालय भवन पुनर्निमाणका लागि १६ करोड ६४ लाख ९९ हजार १०० रुपैयाँ संकलन हुने देखिन्छ ।

परिपत्रअनुसार रकम संकलन भए प्रदेशदेखि वडासम्म फैलिएका कार्यसमितिहरूबाट दुई करोड ४२ लाख ८० हजार रुपैयाँ उठ्ने देखिन्छ । जसमध्ये ३५ लाख रुपैयाँ सात प्रदेश कार्यसमितिबाट र कम केन्द्रमा आउने छ । कांग्रेसले भवन पुनर्निर्माणका लागि प्रदेश कार्यसमितिबाट पाँच लाख रुपैयाँ सहयोग गर्न भनेको छ ।

भवन पुनर्निर्माणका लागि कांग्रेसका ७७ जिल्लाका कार्यसमतिहिरूबाट मात्रै ६६ लाख ५० हजार रुपैयाँ संकलन हुने देखिन्छ । उसले एक निर्वाचन क्षेत्र भएका जिल्लाका जिल्ला कार्यसमितिका लागि ३० हजार र दुईभन्दा माथि चार निर्वाचन क्षेत्रसम्म भएका जिल्लाहरूबाट ५० हजार रूपैयाँ आर्थिक सहयोग मागेको छ । चार भन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लाहरूलाई ७५ हजार रुपैयाँ तोकिएको छ । एकमात्र निर्वाचन क्षेत्र भएका ३५ जिल्लाबाट कांग्रेसले १० लाख ५० हजार, दुईभन्दा माथि चार निर्वाचन क्षेत्रसम्मका ३७ जिल्लाका कार्यसमितिबाट १८ लाख ५० हजार र चारभन्दा बढी निर्वाचन क्षेत्र रहेका ५ जिल्लाका कार्यसमितिहरूबाट तीन लाख ७५ हजार रुपैयाँ उठाउने देखिन्छ ।

कांग्रेसका लागि १६५ प्रतिनिधिसभा निर्वाचन क्षेत्र कार्यसमितिबाट चार लाख ९५ हजार र ३३० प्रदेशसभा निर्वाचन क्षेत्र कार्यसमितिबाट ६ लाख ६० हजार गरी ११ लाख ५५ हजार रुपैयाँ संकलन हुने छ । पार्टीले भवन निर्माणका लागि प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिलाई ३० हजार, प्रदेशसभा क्षेत्रीय कार्यसमितिलाई २० हजार सहयोग गर्न भनेको छ । कांग्रेसले महानगरपालिका कार्यसमितिलाई २० हजार, उपमहानगरपालिका कार्यसमितिलाई १५ हजार, नगरपालिका कार्य समितिलाई १० हजार, गाउँपालिका कार्यसमितिलाई पाँच हजार र वडा कार्यसमितिलाई दुई हजार रुपैयाँ तोकेको छ ।

जसअनुसार सातवटा महानगरपालिकाबाट एक लाख ४० हजार, ११ उपमहानगरपालिकाबाट एक लाख ६५ हजार, २६७ नगर पालिकाबाट २७ लाख ७६ हजार, ४६० गाउँपालिकाबाट दुई लाख ३० हजार र वडा कार्यसमिति (६७४३) हरूबाट ६७ लाख ४३ हजार रुपैयाँ संकलन हुने देखिन्छ । कांग्रेसले अपेक्षा राखेअनुसार रकम संकलन भए क्रियाशील सदस्यहरूबाट मात्रै १३ करोडभन्दा बढी रुपैयाँ जम्मा हुने छ । पार्टी देशभरका क्रियाशील सदस्यहरूलाई जनही १५० रुपैयाँ सहयोग गर्न भनेको छ । १४ औं महाधिवेशनमा कांग्रेसमा क्रियाशील सदस्यहरूको संख्या आठ लाख ७० हजार ८८४ थियो ।

यसैगरी, १४ औं महाधिवेशनका प्रतिनिधिहरूबाट कांग्रेसले एक करोड २९ लाखभन्दा बढी रुपैयाँ भवन निर्माणका लागि उठाउने अपेक्षा राखेको छ । १४औं महाधिवेशनमा कांग्रेसका प्रतिनिधिहरूको संख्या चार हजार ३१९ थियो । उनीहरूका लागि जनही तीन हजार रुपैयाँ सहयोग शुल्क तोकिएको छ । कांग्रेसले प्रदेश अधिवेशनका प्रतिनिधिहरूका लागि जनही एक हजार रुपैयाँ तोकेको छ । जसअनुसार रकम उठे ५२ लाख ८० हजार रुपैयाँ संकलन हुने छ । कांग्रेसको विधानमा प्रदेशसभा निर्वाचन क्षेत्र अधिवेशनबाट १६ जना प्रदेश अधिवेशन प्रतिनिधि छनौट हुन्छन् ।

जसअनुसार कांग्रेसमा पाँच हजार २८० प्रदेश अधिवेशन प्रतिनिधि देखिन्छन् । कांग्रेसले उनीहरूलाई जनही एक हजार रुपैयाँ आर्थिक सहयोग गर्न भनेको छ । कांग्रेस कोषाध्यक्ष उमेश श्रेष्ठले भवन निर्माणका लागि केन्द्रीय कार्यसमितिमा रहेका नेताहरूसँग पनि आर्थिक सहयोग गर्न आग्रह गरिएको जानकारी दिए । उनले केन्द्रीय कार्यसमितिका पदाधिकारीलाई जनही २५ हजार र केन्द्रीय सदस्यलाई जनही १० हजार रुपैयाँ सहयोग गर्न आग्रह गरिएको बताए ।

जसअनुसार कांग्रेसले केन्द्रीय पदाधिकारीहरूबाट साढे तीन लाख र केन्द्रीय सदस्यहरूबाट १५ लाख ४० हजार रुपैयाँ उठाउने लक्ष्य राखेको छ । कोषध्यक्ष श्रेष्ठले व्यक्तिको स्रोतबाट पार्टी चल्न नसक्ने भएका कारण 'क्राउड फन्ड' उठाउन खोजिएको बताए । 'व्यक्तिको स्रोत भएर पार्टीहरू चल्न सक्दैनन् । पार्टीमा लेबीमात्रै उठाउन सकियो भने पनि हाम्रो ठूलो रकम उठ्छ । त्यसका लागि कसैलाई दबाब नपर्ने गरी आफ्नै कार्यकर्ताहरूबाट पैसा उठाउन खोजेका छौं,' उनले संचार कर्मीसँग भने, 'यसमा पनि अनिवार्य होइन, स्वेच्छाले हो । क्षतिग्रस्त भवन पुनर्निर्माणका लागि नयाँ सोच बनाएर पैसा उठाउन खोजेका हौं ।'

(स्रोत: अनलाइनखबर)

# एआईबाट बनाएको गीत हिट भएपछि मैले रिलिजलाई होल्डमा राख्नुपर्‍यो : उर्गेन दोङ

काठमाडौं/ आर्टिफिसियल इन्टेलिजेन्स (एआई) बाट सिर्जित नेपाली गीत 'पहिलो हाँसो पहिलो बोल' अहिले चर्चामा छ । सामाजिक सञ्जाल मात्र होइन, धेरै प्रशंसकको ओठमा गीत झुन्डिएको छ । रिलिज भएको महिनौं बितिसक्दा यसमाथि लाखौं भिडियो बनेका छन् । यो गीतमाथि अहिलेका चर्चित नेपाली संगीतकर्मीले टिकटक र रिल्स बनाएका छन् । कतिपयले यो गीतको कारण दबाब महसुस गरिरहेको बताएका छन् ।

यीमध्ये एक हुन् अहिलेका चर्चित र लोकप्रिय गायक उर्गेन दोङ । हालैको एक पडकास्टमा उनले उक्त गीत भाइरल भैदिँदा आफूले रिलिज गर्न लागेको गीत नै 'होल्ड'मा राख्नुपरेको बताएका छन् । उनले भनेका छन्, 'त्यसले गर्दा मैले आफ्नो गीत पनि होल्डमा राखैं के, रिलिज नगरेर । संसार नै एआईको गीतमा झुमिराखेको छ । मेरो गीत कहाँ सुन्ला र भन्ने मलाई फिल भयो ।'

उनले अघि भने, 'गीत जसले पनि बनाउँछ आफ्नो ठाउँमा छ । मनछुने गीत, मन छुने शब्द । त्यो चाहिँ कसरी बनायो, म छक्क परेँ ।' उनले एआईले संगीतकर्मीलाई पार्ने प्रभावको बारेमा कुरा पनि गरेका छन् । 'कस्तो सजिलो भैदियो के, जसले पनि म्युजिक बनाउन मिल्यो के अब । लिरिक्स पनि मलाई यस्तो टाइपको लिरिक्स चाहियो भन्यो, स्वाट्ट एआई च्याटजिपिटीले लेख्दिहाल्छ । त्यही लिरिक्सलाई कपी गरेर उता हाल्दियो' भन्छन्, 'गीत बनिहाल्यो । जो पनि कम्पोजर हुने भो । गीत बन्यो आफ्नो ठाउँमा छ, राम्रो गीत बनाइदियो के एआईले ल ।'

आफूले पनि एआईबाट गीत सिर्जना गर्न कोसिस गरेको उनले बताए ।' 'मैले पनि ट्राई गरेँ एआईबाट । क्या मीठो बनाइदेको ल । कहाँ जाँदैछ यो म्युजिक है । सबै चीजहरू क्या । कस्तो अचम्म लाग्यो । यस्तो पनि दिन आयो भन्ने क्या' उनले भने । संगीतकर्मीले एआईको सदुपयोग गर्न सक्ने बताउदै दोङले एआईले मान्छेको जस्तो मर्मस्पर्शी गीत चाहिँ बनाउन नसक्ने बताए । 'यसलाई राम्रो पाराले युज गर्‍यो भने धेरै राम्रो चीज हो ।

अब म्युजिसियनले पनि टक्क एआईलाई यूज गरेर उसलाई रिफ्रेन्स लिन पायो । यदि त्यसो भयो भने, मनबाट जुन चीज निस्कन्छ, त्यो चाहिँ नआउला कि जस्तो चाहिँ लाग्छ' उनले भने । उनले समयको मागअनुसार चल्नुपर्ने पनि बताए ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# कैलाशमा स्वंयमसेविका दिवसमा थोकरको विदाई, तीनजना पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ मकवानपुरको कैलाश गाउँपालिकाले २२ औं महिला सामूदायिक स्वास्थ्य स्वंयमसेविका दिवस मनाउँदै विस २०५१ देखि सेवाप्रदान गर्दै आइरहेकी मनसानी थोकरलाई दीर्घसेवा सम्मान गर्दै विदाई गरिएको छ ।



३१ वर्षदेखि साविक कालिकाटार गाविस लिच्चे कार्यक्षेत्रमा आफ्नो सेवाप्रवाह गर्दै आइरहेकी थिइन् । उमेर हदका कारण उनलाई दिवसको अवसरमा १० हजार नगदसहित सम्मान गरिएको हो । गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको अध्यक्षतामा दिवस मनाइएको थियो । सोही अवसरमा सेवा गरेअनुरुप कैलाश-३ की सरस्वती सुनार प्रथम भएकी छिन् भने कैलाश-८ की सुकुमाया मोक्तान द्वितीय र वडा ५ की सुनितामाया थिङ तृतीय भएकी छिन् । पुरस्कृत हुनेलाई विभिन्न सामग्रीका साथ प्रमाणपत्र प्रदान गरिएको थियो ।

स्वस्थ्य समूदायको निर्माण, महिला सामूदायिक स्वास्थ्य स्वंयमसेविकाको योगदान भन्ने नाराका मनाइएको दिवसमा गाउँपालिका अध्यक्ष लोक मुक्तानले स्वास्थ्यक्षेत्रमा स्वंयमसेविकाको अग्रणी भूमिका रहेको बताए । 'यहाँको भूमिका अतुलनीय छ, स्थापना भएदेखि हालसम्म सेवा गरिरहनु भएको छ राज्यको लक्ष्यअनुरुप काम गर्न आग्रह गर्दछु,' उनले भने । राज्यले तोकेको सुविधामा गाउँपालिकाले थप गतवर्षसम्म एक हजार र चालु आवदेखि पाँच सय थप गरेर भत्तामा वृद्धि गरिएको उनले बताए । स्वास्थ्य र शिक्षामा विभिन्न काम गरिरहेको बताउँदै उनले आगामी दिनमा सरकार र साझेदार संस्थासँगको साझेदारीमा काम गरिने प्रतिवद्धता जनाए ।

निस्वार्थरुपमा जुनसुकै अवस्थामा पनि सेवा दिदैं आएका स्वंयमसेविकाको भूमिका उल्लेख्य रहेको वडा नम्बर ७ का वडाध्यक्ष उदासकुमार भुलुनले बताए । 'उहाँहरुको भूमिकामा हामी सन्तुष्ट रहेका छौं, यहाँको योगदानप्रति धन्यवादले मात्रै पुग्दैन त्यसमा हामी ऋणी छौँ,' उनले भने । कार्यक्रममा स्वंयमसेविका सरिता मुक्तानले काम धेरै सम्मान कम हुने पेशा अंगालेको बताइन् । समयअनुसार तालिमको आवश्यकता रहेको उनले बताइन् । निमित्त प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र शिवकोटी, नेपाल ग्रामीण पुनर्निमाण संस्थाका कार्यक्रम संयोजक लिलबहादुर कार्की, सांग्रीला डेभलपमेन्ट एशोसिएसनका सोनी मल्लिक, स्वास्थ्य शाखाप्रमुख तिलकप्रसाद गौतम लगायतले भनाई राखेका थिए ।

कार्यक्रममा प्रेम सेवा समाजका सचिव रामसिं प्रजा, बाल विकास कार्यक्रम नेपालका निराजन प्रजा, गाउँपालिका वडाका स्वास्थ्य ईन्चार्जहरुको आतिथ्यता रहेको थियो । १० वटा वडा रहेको गाउँपालिकामा हाल ४२ जना स्वास्थ्य स्वंयमसेविका कार्यरत रहेको स्वास्थ्य शाखाप्रमुख गौतमले बताए ।

# इन्द्रायणीचौरमा तीनवर्षे मेला सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ थाहा नगरपालिकाको इन्द्रायणीचौरमा तीनवर्षे मेला सुरु भएको छ । थाहानगरको इन्द्रायणीचौरमा मंसिर १८ गतेदेखि मेला सुरु भएको हो ।

स्थानीय देउला र नेवार समुदायको ऐतिहासिक सम्बन्ध गाँसिएको किम्वदन्ती रहेको मेला तीन दिनसम्म अर्थात मंसिर २० गतेसम्म संचालन हुनेछ । मेलाको पहिलो दिन इन्द्रायणीचौरमा रहेको इन्द्रायणी मन्दिरमा रथ ल्याइएको छ । अब दोस्रो दिन सर्वसाधारणको मुख्य पूजाआजा, तेस्रो दिन रथ उठाउने तान्त्रिकविधिसहितको पूजा हुने गर्दछ । मंसिर पूर्णिमाको दिनदेखि मेला लाग्ने गर्छ । दामनपालुङको मध्यभागमा पर्ने इन्द्रायणीमाईको चौरमा लाग्ने जात्रामा पालुङको नेवार तथा देउला समुदायले विधिपूर्वक पूजाआजासहित गणेश, इन्द्रायणी, कुमारी र कालाभैरबको रथारोहण गर्दछन् भने गोपालीगाउँको सेतिगणेशको रथारोहण पनि गर्ने गरिन्छ ।

देवीहरुको मुकुट पालुङ डबलीबाट रथमा इन्द्रायणी मन्दिर सम्म पुऱ्याइन्छ । जात्रामा ५ वटा रथयात्रा गरिन्छ । विगतमा रथ पुरुषले मात्र बोक्ने गर्थे । केही वर्षदेखि रथ महिलाले पनि बोकेर इन्द्रायणीमाईको चौरमा पुऱ्याउने गर्छन् ।

मन्दिरमा रथ ल्याइसकेपछि सर्वसाधारण साँझबाटै बत्ती बालेर जाग्राम बस्नदछन् । पालुङको इन्द्रायणी, भगवती, कालाभैरब गुठी संरक्षण समितिले रातभर होमसहितको पूजा सञ्चालन गर्दछन् । गुठीको पूजा पनि रातमै हुने गर्दछ । दोस्रो दिन पालुङ उपत्यकालगायत क्षेत्रका बासिन्दाले बोका, राँगा, कुखुराको भाले गरी करिब दुई हजारभन्दा बढी चौपाया र पशुपन्छीको बली दिने प्रचलन रहेको छ । तेस्रो दिन रथ फर्काएसँगै मेला सकिन्छ ।

मेलाअवधिमा थाहा नगरपालिका वडा नम्बर २ का देउला समुदाय र वडा नम्बर ३ का नेवार समुदायले दिनरात नै पूजा गर्ने गर्दछन् । मन्दिरमा राति पञ्चबली सहितको पूजा हुने इन्द्रायणी भगवती कालाभैरब गुठी संरक्षण समितिका अध्यक्ष श्यामभक्त श्रेष्ठले बताए । तीन दिनसम्म लाग्ने जात्राको व्यवस्थापन समितिले गर्ने अध्यक्ष श्रेष्ठले बताए । मेला मकवानपुरको उत्तरीक्षेत्रको ऐतिहासिक मेला हो । करिब ३ सय ५० वर्ष अघिदेखि मेला चल्दै आएको छ ।

## स्वास्थ्य मन्त्रालयको स्पष्टीकरण:

# 'डिजिटल पार्क' स्थान अझै तोकिएको छैन

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ 'बागमती प्रदेशमा नीतिगत भ्रष्टाचार, स्वास्थ्यमन्त्री थापाको लगानीको निजी कम्पनीलाई २५ लाख सरकारी अनुदान' शीर्षकमा बुधबार केही संचारमाध्यममा प्रकाशित समाचार प्रति बागमती प्रदेश स्वास्थ्य मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

मन्त्रालयले बिज्ञप्ती जारी गर्दै बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले २०८२ साउन १२ मा आर्थिक वर्ष २०८२/८३ का लागि स्वीकृत 'वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शन' मा सूर्यविनायक नगर पालिका-१० स्थित स्वास्थ्य मन्त्री किरण थापामगरको शेयर लगानी रहेको काठमाडौं फन भ्याली वा किशोर किशोरीको जमघट हुने अन्य उपयुक्त स्थानमा एडल्सेन्ट डिजिटल पार्क स्थापना गर्न २५ लाख अनुदान राखेको भन्ने समाचारमा सत्यता नभएको बताएको छ ।

'बागमती प्रदेश सरकारले नमूनाको काम गर्ने अभियान अन्तर्गत चालू आर्थिक वर्षमा सुरु गर्ने गरि विशेष अनुदान कार्यक्रम अन्तर्गत यो शीर्षकमा २५ लाख बजेट राखेपनि फनपार्क जस्तै किशोर किशोरी जमघट हुने भक्तपुर वा हेटौडाको कुनै एक स्थानीय तहको पार्कमा सम्बन्धित पालिकाको समन्वय एवं साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको जानकारी गराउँदछौं' सूचना अधिकारीद्वारा जारी बिज्ञप्तीमा भनीएको छ ।

डिजिटल पार्कको अवधारणा तथा कार्यान्वयनको ढाँचा तयार गर्ने, नगरपालिका तथा संघसंस्थासँग नियमानुसार साझेदारीमा संचालन गर्ने गरी उपयुक्त स्थान छनोट गर्ने भन्ने संसोधन गरी कार्यन्वयन गर्ने निर्णय गरेको अवस्थामा अनुदानसम्बन्धी विवरण मन्त्रालयको वार्षिक कार्यक्रम कार्यान्वयन मार्गदर्शनमा देखिएको 'सूर्यविनायक-१० स्थित काठमाडौं फन भ्याली वा अन्य उपयुक्त स्थानमा एडलसेन्ट डिजिटल पार्क स्थापना गर्ने' शब्द भूलवस प्रिन्ट भएकोले यो त्रुटिलाई मन्त्रालयले समयमै सच्याईसकेको र कार्यक्रम कार्यन्वयन गर्ने निकाय स्वास्थ्य निर्देशनालयलाई समेत जानकारी गराइसकेको मन्त्रालयको भनाइ छ ।

'बागमती प्रदेश स्वास्थ्य मन्त्रालयले कार्यक्रम संचालन र बजेट वितरणमा कानुन, नियम र पारदर्शिता अनुसार मात्र निर्णय गर्ने स्पष्ट पार्न चाहन्छौं' बिज्ञप्तीमा उल्लेख छ ।

# स्कायबल प्रतियोगिता सुरु



साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडा-२ मा रहेको बालजागृति इङ्लिस सेकेण्डरी स्कुलको आयोजनामा हेटौंडामा ११ औं राष्ट्रिय स्कायबल प्रतियोगिता सुरु भएको छ ।

प्रतियोगिताको बागमती प्रदेशकी युवा तथा खेलकुद मन्त्री उर्मिला केसीले उद्घाटन् गरिन् । बालजागृति बोडिङमा शुक्रबारबाट सुरु भएको प्रतियोगिता शनिबारसम्म सञ्चालन हुनेछ । कार्यक्रममा मन्त्री केसीले यस्ता प्रतियोगिताले बालबालिकामा क्षमताको विकास हुने बताइन् । दुइ दिनसम्मको प्रतियोगितामा देशका विभिन्न जिल्लाका करिब १ सय जना प्रतियोगिकाबीचमा प्रतिस्पर्धा हुँदैछ । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष दिनेश भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलान, हेटौंडा स्कुलअफ म्यानेजमेन्टका प्रमुख पुरनबहादुर जोशी, हेटौंडा-२ का वडाअध्यक्ष बिष्णुगोपाल महर्जन, विद्यालय ब्यसस्थापन समितिका अध्यक्ष रामकृष्ण तिमल्सिना लगायतको आतिथ्यता रहेको थियो ।

कार्यक्रममा सहभागिलाई विद्यालयका प्रिन्सिपल विनोद सुवेदीले स्वागत गर्दै यस खेलकुदको उद्देश्यका बारेमा प्रष्ट पारेका थिए । दुइदिने कार्यक्रममा १३ लाख रुपैयाँ खर्च लाग्ने अनुमान गरिएको सुवेदीले बताए । प्रतियोगितामा प्रथम हुनेले १५ हजार, शिल्ड, प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी द्वितीय हुनेले १३ हजार शिल्ड, प्रमाणपत्र प्राप्त गर्नेछन् । तृतीय हुनेले ११ हजार शिल्ड, प्रमाणपत्र प्राप्त गर्नेछन् । चौथो, पाचौं, छैटौं र सातौंलाई क्रमश: ९ हजार, ७ हजार, ५ हजार र ३ हजार नगद पुरस्कारको व्यवस्था रहेको छ । आठौं, नवौं, दशौं हुनेलाइ ३ हजार नगद पुरस्कारको व्यवस्था रहेकोछ भने, एघारौंदेखि पच्चीसौं हुनेलाइ २ हजार नगद पुरस्कार प्रदान गरिने जनाइएको छ ।

खेलबाट छनोट हुने उत्कृष्ट २५ जनाले अन्तर्राष्ट्रियस्तरको खेलमा सहभागिता जनाउने पाउने भएका छन् । कार्यक्रम उद्घाटनका अवसरमा स्काबल क्लबको केन्द्रीय अध्यक्ष केशव पराजुली, मकवानपुरका संयोजक बिबशजङ्ग थापा, स्काबल खेलमा उत्कृष्ठ विद्यार्थीलगायतलाई सम्मान गरिएको थियो । बालजागृतिका बालबालिकाले स्काबलसम्बन्धी गीत नृत्य तथा बिभिन्न जातीय संस्कृति झल्कने प्रस्तुती दिएका थिए । स्काबल प्रतियोगितामा सहभागी हुन हेटौंडा आएका बिभिन्न जिल्लाका विद्यार्थी तथा शिक्षक, अभिभावकहरुलाई विद्यालयले सहीद स्मारक, मकवानपुरगढीलगायतका पर्यटकीय क्षेत्रको अवलोकन भ्रमण गराएको थियो ।

# शुभकामना सहकारीको साधारणसभा सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडा-१७ मा रहेको शुभकामना महिलाजागृति वचत तथा ऋण सहकारी संस्थाको १९ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ ।



सहकारी संस्थाका अध्यक्ष शान्ता गौतमको अध्यक्षता तथा सहकारी संस्थाका ज्येष्ठशेयरसदस्य गंगादेवी दमाईको प्रमुख आतिथ्यतामा साधारणसभा भएको हो । सहकारीले साधारणसभाको अवसरमा विभिन्न विधामा १९ जनालाई सम्मान गरेको छ । सम्मानित हुनेहरुमा ज्येष्ठशेयरसदस्य गंगादेवी दमाई र ठूलीमाया प्रजा, बालबचतकर्ता तनुज रिजाल, किशोरी बचतकर्ता विअप्सा गरञ्जा, उत्कृष्ट ऋणी सीताकुमारी बर्तौला र सावित्रा दर्जी रहेका छन् । यस्तै नियमित बचततर्फ नारायणी बलामी र भगवती राई, बाखापालक सदस्यतर्फ सर्मिला पाखिनलाई सम्मान गरिएको सहकारीका व्यवस्थापक जानकी ढुंगानाले जानकारी दिइन् ।

यस्तै २०८१ सालको एसईई परीक्षामा उत्कृष्ट अंक प्राप्त गर्ने सामुदायिक विद्यालय र संस्थागत विद्यालयका विद्यार्थीलाई पनि सम्मान गरिएको छ । सामुदायिक विद्यालयतर्फ वंशगोपाल माध्यमिक विद्यालयबाट ३.७२ जिपीए प्राप्त गर्ने सुदीप चौलागाई, बालज्योति माध्यमिक विद्यालबाट ३.४५ जिपीए प्राप्त गर्ने निश्चल बस्नेत र जनप्रिय माध्यमिक विद्यालयबाट ३.६१ जिपीए प्राप्त गर्ने एरिना चौलागाई रहेका छन् । संस्थागत विद्यालयतर्फ तासिर बोर्डिङ स्कुलबाट ३ दशमलव ८७ जिपीए प्राप्त गर्ने स्प्रेया अर्याल र ३ दशमलव ४५ जिपीए ल्याउने स्वर्णिम महत, बालजागृति बोर्डिङ स्कुलबाट ३ दशमलव ८४ जिपीए प्राप्त गर्ने समृद्धि दाहाल र मकवानपुर बालविद्यासदनबाट ३ दशमलब ४५ जिपीए प्राप्त गर्ने विवेक तिमल्सिनालाई सम्मान गरिएको छ ।

सहकारीले उत्कृष्ट कर्मचारी इन्दिरा तिमल्सिना र सञ्चालक समिति सम्मान कोषाध्यक्ष गंगा पराजुली र सञ्चालक सदस्य पशुपति मोक्तानलाई सम्मान गरेको छ । साधारणसभामा संस्थाका अध्यक्ष गौतमले संस्थागत प्रतिवेदन र कोषाध्यक्ष गंगा पराजुलीले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । १ हजार ४४१ जना शेयरसदस्य रहेको सहकारीको शेयर पुँजी १ करोड ६ लाख, ऋण लगानी ९ करोड १३ लाख र कूल कारोवार ११ करोड २५ लाख रुपैयाँ रहेको कोषाध्यक्ष पराजुलीले जानकारी दिइन् । ७० प्रतिशत शेयरसदस्यको उपस्थितिमा साधारणसभा भएको हो ।

# मकवानपुरमा समाजवादी जेन्जी फोर्स गठन




साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ मकवानपुरमा समाजवादी जेन्जी फोर्स मकवानपुर गठन भएको छ । हेटौंडामा भएको भेलाले सूर्यबहादुर गोलेको संयोजकत्वमा १५ सदस्यीय जिल्ला कार्यसमिति गठन गरेको हो ।

महान युवा जेन्जी विद्यार्थीको बलिदानीपूर्ण जेन्जी आन्दोलनको उपलब्धिको संरक्षण गर्दै नेपाली राज्य व्यवस्थालाई दिशानिर्देश गर्ने कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्देश्यले समाजवादी जेन्जी फोर्स मकवानपुरको गठन भएको संयोजक गोलेले बताएका छन् । उनकाअनुसार जेन्जी आन्दोलन र यसका उपलब्धिलाई सबैले मान्ने तर, त्यही जेन्जी पुस्तालाई जेन्जी आन्दोलनमा सहभागी भएकै कारण जेल हाल्ने र जेन्जी युवालाई गोली हानी मार्ने अपराधीलाई चाहिँ केही नगर्ने राज्यको षड्यन्त्रपूर्ण चरित्र हो ।

आन्दोलनको क्रममा भएका गम्भीर घटनाको छानबीनका लागि बनाइएको छानबीन आयोगले जेनजीका हत्यारा, पुलिस प्रशासनको हातहतियार खोस्ने लुटेरा, सिंहदरबार, अदालत जस्ता राज्यका संवेदनशील निकायमाथी आक्रमण गर्ने देशद्रोहीलाई कानुनी कठघरामा ल्याउननसक्नु तर, सामान्य विषयमा मुछिएका जेनजी र जेनजी समर्थकलाई जेल हाली यातना दिनु लज्जास्पद भएको उनको भनाइ छ । त्यस्तै उनले भदौ २३ गते भएको क्रियाको प्रतिक्रिया भदौ २४ गतेको आन्दोलनलाई संस्थागत गरी गम्भीर प्रकृतिका मुद्दाबाहेक अन्य सामान्य मुद्दालाई नजरअन्दाज नगरी जेलमा भएका जेनजीलाई तत्काल रिहाई गर्नुपर्ने बताए ।

हेटौंडामा रहेको महेन्द्र राजमार्ग र त्रिभुवन राजपथको दायाँबायाँ २५/२५ गज सडक बिस्तार अभियानप्रति समाजवादी जेनजी फोर्स मकवानपुरको पूर्ण समर्थन रहेको उनको भनाइ छ । सडक सीमाभित्र रहेका घरटहरा हटाउँदै गर्दा कुनै घरधनी या व्यवसायी रोडमा आउँछन् र सुकुम्बासी हुन्छन् भने सम्बन्धित निकायले उनको उचित व्यवस्थापन गर्नुपर्ने उनको भनाइ छ । त्यस्तै निश्चित स्वार्थको लागि विभिन्न बहानामा आन्दोलन गरी विकासविरोधी नबन्न सम्बन्धित सम्पूर्ण हेटौंडाबासीलाई अनुरोध गरेका छन् ।

# एलेथोचेको अवसरमा शुभकामना आदानप्रदान

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ हेटौंडामा सुनुवार सेवा समाजले उधौली पर्व मनाएका छन् । सुनुवार सेवा समाज मकवानपुरको आयोजनामा कार्यक्रम गरिएको हो ।

राई, लिम्बु, सुनुवार, याक्खा जातिले विशेषरुपमा यो उधौली पर्व मनाउने गरेको पाइन्छ । यो पर्वलाइ सुनुवारले (एलेथोचे), राइ र याक्खाले (यल्दङ्), लिम्बूले (चासोक) नामले नामाकरण गरेका छन् । मकवानपुरका सुनुवार समुदायले हेटौंडा वडानम्बर १ भैरवडाँडाको मैदानमा श्यादर ग्योर (चण्डीथान) स्थापना गरी सामूहिक पूजा आराधना गरेका छन् । जसलाइ सुनुवार भाषामा आदरपिदार भनिन्छ । आदरपिदार (न्हासो) पूजारी, पोइब (धामी) द्वारा गरिन्छ । सुनुवार सेवा समाज मकवानपुरका सचिव रामबहादुर सुनुवारका अनुसार यो बेलामा अन्नबालीमा कीरा लागेर नष्ट नहोस्, सबैको भलो होस्, मृतआत्मालाई प्रेतात्माबाट अलग गरेर कुलपितृसँग मिलोस भनेर कामना गरिन्छ । सुनुवार सेवा समाज मकवानपुरको आयोजनामा हेटौंडामा मनाएको उधौली पर्व यस जिल्लाको लागि पहिलो भएको सेवा समाजका जिल्ला कोषाध्यक्ष नारायण सुनुवारले बताए ।

सुनुवार सेवा समाज मकवानपुरका अध्यक्ष अर्जुनबहादुर सुनुवारको सभाध्यक्षतामा भएको कार्यक्रममा ५० जना भन्दा बढीको सहभागीता रहेको थियो । अल्पसंख्यक सुनुवार जाति मकवानपुर जिल्लाभर ८६ घरधुरी रहेको जनाइएको छ ।

# मंसिर २१ देखि पालुङ जेसीज सप्ताह हुने

साझाकुरा संवाददाता

हेटौंडा, १९ मंसिर/ पालुङ जेसीजको जेसीज सप्ताह २०२५ मंसिर २१ गते आईतबार देखि हुने भएको छ । थाहानगरमा क्रियाशील सामाजिक संस्था पालुङ जेसीजले शुक्रबार एक कार्यक्रमबीच जेसीज सप्ताह अन्तरगतको ७ दिन संचालन हुने कार्यक्रमको जानकारी गराइएको हो ।



पालुङ जेसीज वर्ष २०२५ का अध्यक्ष माधव कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा कार्यकारिणी उपाध्यक्ष एवम् जेसीज सप्ताह मूल कार्यक्रम संयोजक अजित कार्कीले जेसीज सप्ताह अन्तरगत संचालन गरिने कार्यक्रमको बारेमा जानकारी गराएका थिए । संयोजक कार्कीकाअनुसार मंसिर २१ गते बिश्वराम पौडेलको संयोजकत्वमा थानाबजारमा जेसीज सप्ताहको उद्घाटन तथा जेसीज प्रशिक्षण, २२ गते संजिता बस्नेतको संयोजकत्वमा थाहा-२ को मंगलेश्वर प्राविमा भरतरत्न छात्रवृत्ति बितरण, २३ गते मीरा लटौलाको संयोजकत्वमा कालीदेबी प्रावि थाहा-११ मा कृष्णतारा न्यानो कपडा बितरण हुनेछ ।

त्यस्तै २४ गते मोनिका खत्रीको संयोजकत्वमा थाहा-२ फाँटबजारमा स्लो बाईक रेस प्रतियोगिता, २५ गते राधाकृष्ण लामिछानेको संयोजकत्वमा सुन्दरीदेबी मावि थाहा-७ डाँडेबासमा बित्तीय साक्षरता कार्यक्रम, २६ गते रबि कार्कीको संयोजकत्वमा पालुङ जेसीजका पूर्वअध्यक्षहरु र सदस्यबीच मैत्रीपूर्ण भलिबल प्रतियोगिता हुने संयोजक कार्कीले बताए । कार्कीका अनुसार २७ गते नबिना बिष्टको संयोजकत्वमा पालुङगढीमा पिकनिक सहित जेसीज सप्ताह समापन हुनेछ । जेसीज सप्ताह संचालनका लागि उपाध्यक्ष बिकेशबाबू बस्नेतलाई सह मूलकार्यक्रम संयोजक चयन गरिएको छ ।

जेसीज सप्ताह सार्वजनिक कार्यक्रममा नेपाल जेसीज वर्ष २०२५ का उपाध्यक्ष एवम् पालुङ जेसीजका पूर्वअध्यक्ष संगम कार्की, पालुङ जेसीज वर्ष २०२५ का महासचिव सुबिन्द्रमान प्रधान, कोषाध्यक्ष अजय कार्की, जनसम्पर्क अधिकारी कमल बिष्टलगायत कार्यसमिति पदाधिकारीको उपस्थिति रहेको थियो ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना